श्री

# उच्च अदालत तुलसीपुर, बुटवल इजलास

संयुक्त इजलास

**माननीय न्यायाधीश श्री अग्नीप्रसाद थपलिया**

**माननीय न्यायाधीश श्री अच्यूतप्रसाद भण्डारी**

फैसला

**मुद्दा नं.- ०७६-CS-०४४७**

**इजलास नं.-२ को निर्णय नं.-११७**

**मुद्दाः-कर्तव्य ज्यान**

| | |
|---|---|
| डोरन बहादुरको श्रीमती रुपन्देही जिल्ला कंचन गाउँ पालिका वडा नं. ५ पिपरी चापा स्थायी वतन भई हाल कारागार कार्यालय नवलपरासीमा थुनामा रहेकी हरिमाया ठकुरी........................................................ | **पुनरावेदक प्रतिवादी** |

**विरुद्ध**

| | |
|---|---|
| माया थापाको जाहेरीले नेपाल सरकार ........................................... | **प्रत्यर्थी वादी** |

**मुद्दा नं.- ०७७-CS-०२१५**

**इजलास नं.-२ को निर्णय नं.-११८**

| | |
|---|---|
| माया थापाको जाहेरीले नेपाल सरकार............................................ | **पुनरावेदक वादी** |

**विरुद्ध**

| | |
|---|---|
| डोरन बहादुर ठकुरीको छोरा जिल्ला रुपन्देही, कंचन गाउँ पालिका वडा नं ५ पिपरीचापा डाडालाईन बस्ने तेज बहादुर ठकुरी.......................१<br>बालकृष्ण रानाको श्रीमती जिल्ला रुपन्देही बुटवल उपमहानगरपालिका वडा नं. ४ पाखापानी बस्ने अमृता भन्ने शोभा कुमारी राना...............१<br>हरिलाल खासुको श्रीमती ऐ.ऐ. वडा नं. २ फूलबारी बस्ने मधु खासु...१ | **प्रत्यर्थी प्रतिवादी** |

सुरु फैसला गर्ने अदालतः- श्री रुपन्देही जिल्ला अदालत
सुरु फैसला गर्ने न्यायाधीशः- श्री धन सिंह महरा
सुरु फैसला मितिः- २०७६।०८।१९
यस अदालतमा पुनरावेदन दर्ता भएको मितिः- २०७६।११।०६,२०७७।०५।२८

न्याय प्रशासन ऐन, २०७३ को दफा ८(३)(क) बमोजिम दर्ता भई यस अदालतको क्षेत्राधिकार भित्रको प्रस्तुत मुद्दाको तथ्य एवं ठहर खण्ड निम्न प्रकरणमा उल्लेख गरिएको छः-

## तथ्य खण्ड

१. मिति २०७५।०३।१० गते विहान अं.०२:३० बजेको समयमा जिल्ला रुपन्देही कञ्चन गाँउपालिका वडा नं.५ पिपरीचापा डाँडालाईन स्थित पूर्वमा दान बहादुर थापाको खेत,पश्चिममा सार्वजनिक ग्रावेल सडक,उत्तरमा सेती पुनको घर,दक्षिणमा तुलबहादुर राहुको घर यति चारकिल्ला भित्र रहेको समिक्षा ठकुरीको पूर्व मोहडा भएको २ तले पक्की घर रहेको।सो घरको भुई तलाको बीच गल्लीमा समिक्षा ठकुरी आगोले जली गम्भीर घाईते अवस्थामा भएकी भनी देखाइएको घटनास्थलमा मट्टीतेलको जस्तो गन्ध आएको।गल्लीको पश्चिम तर्फको ढोका बाहिर बरण्डामा समिक्षाले लगाएको भनिएको मट्टीतेलको गन्ध आएको आगोले जलेको रातो कपडाको टुक्रा,कुर्ता रहेको,पूर्वढोकाको उत्तर तर्फको पहिलो कोठा भित्र समिक्षा ठकुरीको सुत्ने विस्तारा माथी फुटेको सिसीको टुक्रा रहेको,दक्षिणतर्फको पहिलो कोठाको भित्र रहेको सुर्केस माथि मट्टीतेलको गन्ध आएको स्टिल गिलास रहेको,माथिको तलाको पश्चिम छेउको दक्षिण कुनामा हरियो प्लाष्टिकको बोतलमा मट्टीतेल जस्तो पदार्थ रहेको देखिएकाले प्रहरीले उल्लेखित सामानहरु पठाई बरामद गरी लिई गएका भन्ने समेत बेहोराको घटनास्थल प्रकृति मुचुल्का ।

२. मिति २०७५।०३।१० गते विहान अं.२:३० बजेको समयमा जिल्ला रुपन्देही कञ्चन गा.पा.वडा नं.५ पिपरीचापा स्थित आफ्नै घरमा सुतकी मेरी छोरी वर्ष १५ की समिक्षा ठकुरीको शरीरमा आगो लागि घाईते भई रोई कराई चिच्याएको सुनी म आफू तत्काल उठेर जाँदा शरीरमा आगो लागेको देखी घर बाहिर लगि अन्य परिवारहरु जम्मा भइ सो आगो निभाई तत्काल उपचारको लागि बुटवल हुँदै पाल्पा मिसन अस्पताल तथा काठमाडौ स्थित वर्न अस्पतालमा ल्याई उपचार गराई रहेको

अवस्थामा मिति २०७५।०३।२० गते मृत्यु भएकी हुनाले सो घटना के कति कारणले भएको तत्काल एकीन नभएको हुनाले थप अनुसन्धान पश्चात खुलेका वखत किटानी जाहेरी दिने छु,उक्त मृतक लास दाहासंस्कारको लागि मेरो जिम्मामा पाउ भन्ने समेत बेहोराको तेज बहादुर ठकुरीको जाहेरी दरखास्त ।

३. काठमाडौं जिल्ला किर्तिपूर नगरपालिका वडा नं.२ देवढोका स्थित रहेको किर्तिपूर मोडल अस्पतालको शव गृह भित्र स्टेचरमा रहेको मृतक समिक्षा ठकुरीको लाशलाई हेर्दा घाँटीदेखि थाईसम्म आगोले जलेको अवस्थामा रहेको र छातीदेखि खुट्टाको थाई सम्म ब्याण्डेजले मोडेको अवस्थामा रहेको देखिएको भन्ने समेत बेहोराको मिति २०७५।०३।२० गतेको लाशजाँच प्रकृति मुचुल्का ।

४. मृतक ठकुरी मेरी छोरी भएकीले सो मृतक लाश दाहासंस्कारको लागि मैले जिम्मा बुझिलिए भन्ने समेत बेहोराको तेज बहादुर ठकुरीको कागज ।

५. मेरा पहिला पति तेज बहादुर ठकुरी हुन् । म र तेज बहादुरबाट समिक्षा ठकुरीको जन्म भएको थियो । निज छोरा बुवा तथा हजुरआमाको जिम्मामा राखिएको थियो। निज छोरीलाई हजुरआमा, बाबु तथा फुपुबाट यातना दिने, कुटपीट गर्ने गर्दथे । तथापि सो यातना निज छोरीले सहन गर्दै आएकी थिईन् । मलाई यस्तो ब्यवहार गर्न भएन भनि स्थानीय प्रहरी कार्यालयमा जीउधनको सुरक्षा गरपाउँ भनि उजुरी समेत दिएकोमा प्रहरीबाट ती मानिसलाई सम्झाउने काम भयो। तैपनि निज छोरीलाई अंश दिनुपपर्छ भन्ने सोच र मनसायले छोरीलाई घरबाट निस्किएर जा नत्र मारिदिन्छौं भनी धम्काउने गर्दै आएकोमा छोरी समिक्षा घरबाट निस्किएपछि हजुरआमा, बाबु, फुपुको मिलेमतोमा २०७५।३।१० गते विहान २.३० बजेको समयमा आफ्नै कोठामा सुतेकी निज छोरीलाई षडयन्त्रपूर्वक योजनाबद्ध तरिकाले शरीरमा मट्टितेल खनाई आगो लगाई घाईते बनाई स्थानीय मेडिकल बुटवल पाल्पा हुँदै काठमाण्डौ किर्तिपूर स्थित बर्न अस्पतालमा ल्याई उपचार गराईरहेको अवस्थामा मिति २०७५।३।२० गते निज छोरीको मृत्यु भएको हुनाले प्रतिवादीहरु हरिमाया ठकुर्नी, तेज बहादुर ठकुरी, फुपुहरु मधु ठकुरी अमृता ठकुरीलाई पक्राउ गरि हदै सम्मको कारवाही चलाई पाउँ भन्ने समेत बेहोराको माया थापाको जाहेरी दरखास्त।

६. मेरो बाबु समेतका घर परिवारले विभिन्न किसिमका यातना दिने कुटपीट गर्ने,कपडा च्यातिदिने धाकधम्की दिने गरेको हुनाले निजहरुलाई झिकाई आवश्यक कारवाही

गराई पाउँ भन्ने समेत बेहोराको मिति २०७५।१।१९ गतेको समिक्षा ठकुरीको निवेदन ।

७. माया थापाको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी हरिमाया ठकुर्नी समेत भएको कर्तव्य ज्यान मुद्दाको अनुसन्धानको क्रममा प्रतिवादीहरुलाई खोजतलास पक्राउ गर्नु हुन भन्ने यस कार्यालयको पत्रादेश अनुसार खोज तलास गर्दै जाँदा प्रतिवादी हरिमाया ठकुर्नीलाई निजको घर वतनमा नै फेला पारी पक्राउ गरी दाखिला गरेका छौ कानून बमोजिम होस् भन्ने समेत बेहोराको प्रहरी प्रतिवेदन ।

८. माया थापाको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी हरिमाया ठकुर्नी समेत भएको कर्तव्य ज्यान मुद्दाको अनुसन्धानको क्रममा प्रतिवादीहरुलाई खोजतलास पक्राउ गर्नु हुन भन्ने यस कार्यालयको पत्रादेश अनुसार खोज तलास गर्दै जाँदा प्रतिवादी अमृता भन्ने शोभा कुमारी रानालाई निजको घर वतनमा नै फेला पारी पक्राउ गरी दाखिला गरेका छौ कानून बमोजिम होस् भन्ने समेत बेहोराको प्रहरी प्रतिवेदन ।

९. म मृतक तथा प्रतिवादीको नजिकैको छिमेकी हुँ।मिति २०७५।३।१० गते विहान २.३० बजेको समयमा पिसाव गर्न वाहिर निस्किएको अवस्थामा समिक्षा ठकुरी एक्कासी ड्याडी ड्याडी भनी चिच्चाए कराएको सुनेपछि के भएछ भनी घरमा गई हेर्दा निजको शरीरको घाँटी देखि तल थाई सम्म दुबै हात आगोले जली सकेको भित्र बीच गल्लीमा एकदम आत्तिएकी थिई।सो स्थानमा हरिमाया ठकुर्नी अमृता भन्ने शोभा कुमारी राना थिए।सोही बखत अटो बोलाई समिक्षा ठकुरीलाई बाबु तेज बहादुर, कान्छी फुपु शोभा कुमारीले उपचारको लागि लिई गएका हुन् । उपचारको क्रममा मिति २०७५।३।२० गते काठमाण्डौ किर्तिपूर स्थितमा मृत्यु भएको रहेछ।निज समिक्षालाई घर परिवारले गाली गलौज कुटपीट गर्ने कुरा सुन्दै आएको थिएँ।तत्काल मट्टीतेलको बोतल, फुटेका सिसाका टुक्रा, मट्टितेल लागेको स्टिल गिलास, जलेका कपडा सोही घरभित्रबाट बरामद भई आएको देखिंदा घर परिवारको हजुरआमा हरिमाया ठकुर्नी समेतको संलग्नता समिक्षा ठकुरीलाई मट्टितेल छर्की आगो लगाई दिई कर्तव्य गरी मारेकोमा विश्वास लाग्छ निजहरुलाई कानून बमोजिम कडा कारवाही गरिनुपर्छ भन्ने समेत बेहोराको भक्त बहादुर थापा मगरको कागज।

१०. मिति २०७५।३।१० गते अ.२.३० बजेको समयमा म आफ्नै घरमा सुतेको अवस्थामा डोन बहादुर ठकुरीले मलाई फोन गरी मेरो घरम आफ्ठ्यारो पर्यो। छिटो आटो लिएर आउ भनि बोलाएपछि मैले अटो लिई निजको घरमा पुग्दा परिवार तथा

टोलका मानिसहरु जम्मा भएका। निजको नातिनी समिक्षा ठकुरी चुन्नि ओढेकी एकदमै आत्तिएकी।मेरो अटोमा बसेकीले के भयो नानी भनी सोध्दा निजले आगोले पोल्यो भनी बताएकी थिईन्।सो अटोमा निज घाईते बाबु तेज बहादुर तथा फूपु शोभा कुमारी भई तत्काल उपचारको लागि स्थानीय मेडिकल हुँदै बुटवल लैजाने क्रममा निज तेजबहादुरले तिमीलाई कसले यस्तो गर्यो भन्दा म अहिले भन्दिन ठीक भएपछि मात्र भन्छु भनेकी थिईन्।निजको पछि उपचारको क्रममा मृत्यु भएछ । मट्टीतेलको बोतल फुटेका सिसाको टुक्रा, मट्टितेल लागेको स्टिल गिलास, जलेको कपडा सोही घरभित्रबाट बरामद भई आएको देखिँदा घरपरिवारको हजुरआमा हरिमाया ठकुर्नी समेतको मिलेमतो संलग्नतामा समिक्षा ठकुरीलाई मट्टितेल प्रयोग गरी आगो लगाई दिई कर्तव्य गरी मारेको विश्वास लाग्छ।निजहरुलाई कानून बमोजिम कारवाही गरिनुपर्छ भन्ने समेत बेहोराको युवराज नेपालीको कागज ।

११. म मृतक समिक्षा ठकुरीको सानिआमा हुँ।दिदी माया थापाको पहिलो विवाह तेज बहादुर ठकुरी सँग भई निजै छोरीको जन्म भएपछि भिनाजुले दोस्रो विवाह गरी ल्याएपछि दिदी तथा छोरीलाई हेला गर्ने कुटपीट गर्ने यातना दिने गरी घरबाट निकाला गरेपछि दिदी नावालक छोरी लिई माईतीमा आई बस्नु भयो।त्यसपछि मिति २०७४ साल पौष महिनामा बाबु तेज बहादुर आई समिक्षालाई घरमा लगेपछि घर परिवार मिली कुटपीट गर्ने लुछने कपडाहरु हिलोमा फालिदिने मारिदिन्छौ भन्ने जस्ता कार्य गर्दै यतना दिने काम गर्दै आएका थिए।त्यसै क्रममा मिति २०७५।३।१० गते विहान निज छोरीलाई आफ्नै घरमा सुतिरहेको अवस्थामा आगोले जली गम्भीर घाईते भई पाल्पाको मिसन अस्पतालमा उपचार भई रहेको भन्ने सुनी म सो अस्पतालमा पुग्दा बाबु तेज बहादुर, फूपुहरु मधु खासु, अमृता भन्ने शोभा कुमारी राना थिए ।नानीलाई सोध्दा म सुति निदाएको अवस्थामा मेरो शरीरमा मट्टितेलको गन्ध आयो त्यसपछि उठ्न खोज्दा मेरो टाउकोमा सिसाको बोतलले हानेपछि मेरो शरीरमा आगो लगाई दिए भनेकी हुनाले कसले लगाईदियो भन भन्दा आफ्नो घरका मानिसहरुलाई हेर्ने र थाहा भएन भन्ने गरेकी थिई।सो अस्पतालमा उपचार हुन नसकी काठमाण्डौ स्थित बर्न अस्पताल किर्तिपूरमा ल्याई भर्ना गरियो । सो बखतमा घर परिवारका मानिसहरु नभएको मौका पारी मैले सोध्दा घरको हजुरआमाले गरेको हो।कोही बाहिरको केटाहरुले गरेको होईन भनी बताएकी थिईन्।उपचारको क्रममा मिति २०७५।३।२० गते मृत्यु भएकी हुन्।घटना

स्थलमा फेला परी बरामद भएको मट्टितेल गिलास, रक्सीको सिसा, जलेको कपडा निजकै घरका भएको हुनाले प्रतिवादी हरिमाया ठकुर्नीले समेतको मिलेमतो संलग्नतामा समिक्षा ठकुरीमाथि मट्टितेल प्रयोग गरी छर्की आगो लगाई दिई कर्तव्य गरी मारेकोमा पूर्ण विश्वास लाग्छ।निजहरुलाई कानून बमोजिम कडा कारवाही गरिनुपर्छ भन्ने समेत बेहोराको रचना बुढा मगरको कागज ।

१२. मिति २०७५।३।१० गते विहान अ.३.०० बजेको समयमा मेरो मेडिकलसँगै रहेको घरमा समेत बेला अन्टि छिटो आउनुहोस् मलाई बचाउनुहोस् भनी केटी चिच्चाएको सुनी पछि मेडिकलमा आउँदा समिक्षाको शरीरको अघिल्लो भाग आगोले जलेको गम्भीर अवस्थामा देखिपछि नदुख्ने सुई लगाई दिई तत्काल बुटवलतर्फ पठाई दिएको हुँ।सो बेलामा बाबुले छोरीलाई कसले हो भनी सोध्दा केही जवाफ दिएकी थिईनन् । निजको उपचारको क्रममा मिति २०७५।३।२० गते किर्तिपूर अस्पताल काठाण्डौमा मृत्यु भएको कुरा थाहा पाएको हो । निज नानिलाई दुई महिना पहिला पनि घरका परिवारले पिटेर मेडिकल ल्याएका थिए। शरीरमा भित्री चोट भएकोले बुटवल लैजान भनेकी हुँ । मट्टितेलका बोतल, फुटेका सिसा तथा जलेका कपडा घरकै हुन् । घटना घर भित्रैको भएको हुनाले घटनामा हजुरआमा लगाएतका घरका सदस्यले गरेको हुनु पर्छ भन्ने लक्ष्मी लामिछाने ज्ञवालीले गरेको कागज ।

१३. कर्तव्य ज्यान मुद्दामा अनुसन्धानको क्रममा प्रतिवादी हरिमाया ठकुर्नीले तत्काल आफ्नै नातिनी समिक्षा ठकुरीको शरीरमा जलेको आगो निभाउन प्रयोग गरेको भनिएको प्रतिवादी हरिमाया ठकुरीले लगाउने गर्ने भन्ने कलेजी रंगको हरियो किनारामा पहेलो छिर्के मिर्के बुट्टा भएको लुङ्गी प्रतिवादी हरिमाया ठकुर्नीले देखाई चिनाई दिई उपलब्ध भएको हुँदा सो लुङ्गी थान १ प्रमाणको लागि बरामद दाखिला गरेको भन्ने समेत बेहोराको प्रहरी प्रतिवेदन ।

१४. म घरको माथिल्लो तलामा सुत्ने भएको हुँदा मिति २०७३।३।२० गते अ.२.३० बजेको समयमा एक्कासी तल भुईमा मेरी नातिनी समिक्षा ठकुरी चिच्चाई कराएको सुनी तत्काल के भएछ भनि उठी तल भुईमा झर्दा नातिनी समिक्षा ठकुरीको शरीरमा आगोले हुरहरी वली जलिरहेकोले मेरो श्रीमती हरिमाया ठकुर्नी छोरा तेज बहादुर ठकुरी अघिल्लो दिन खेत रोप्न भनि माईत आएकी छोरी अमृता भन्ने शोभा कुमारी रानाले निभाई राखेका थिए।मैले तत्काल बाहिर गई अटोलाई खवर गरी निज नातिनीलाई सो अटोमा राखि उपचारको लागि तेज बहादुर र शोभाले लिई गएका

हुन्।निज नातिनीले छेमालाई बोलाई दिन भनेकी थिईन्।तत्काल मेरी नातिनीको शरीरमा लागेको आगो मेरो श्रीमती हरिमाया लगाएतले निभाउन थालेको देखेको हुँ।के कसरी आगोलागी भयो मलाई थाहा भएन।निज नातिनीलाई बुटवल पाल्पा हुँदै काठमाण्डौ किर्तिपूर स्थित अस्पतालमा लगि उपचार गराई रहेको अवस्थामा मिति २०७५।३।२० गते मृत्यु भएकी हुन्।निज माया थापाले मेरी श्रीमती हरिमाया तेज बहादुर छोरीहरु मधु खासु र शोभा कुमारी रानालाई विपक्षी बनाई मट्टितेल छर्की आगो लगाई कर्तव्य गरी मारेकोले कारवाही चलाई पाउँ भनी किटानी जाहेरी दिएकी हुन्।समिक्षाको आमाले दिएको जग्गा समेत मैले बेचिदिई सो पैसाले घर बनाएको हुँ।तत्काल मेरो घरबाट बरामद भई आएको आगोले जलेको रातो कपडाको टुक्रा, स्टिल गिलास, मट्टितेल भएको बोतल मेरा घरका समानहरु हुन् । मेरो श्रीमतीले आगो निभाएको भनेको लुङ्गी जलेको थिएन भन्ने समेत बेहोराको डोरन बहादुर ठकुरीको कागज।

१५. घाँटी भन्दा तल छातिको भागदेखि थाईसम्म जलेको भन्ने समेत बेहोराको समिक्षा ठकुरीको घाउँजाच केश फारम ।

१६. मिति २०७५।३।२८ गते राति करिव २ बजेको समयमा तातो फलामको रडले देब्रे हातमा डामी पोलेको हुँदा घा जाँच केश फारम गराई पाउँ भन्ने समेत बेहोराको प्रतिवादी शोभा कुमारी रानाको निवेदन ।

१७. शरीरको कुनै पनि भागमा केही घाउ चोटपटक तथा निलडाम नदेखिएको भन्ने समेत बेहोराको प्रतिवादी अमृता भन्ने शोभा कुमारी रानाको घाउ जाँच प्रतिवेदन ।

१८. म मिति २०७५।३।९ गते दिउँसोमा माईतीमा रोपाईमा सघाउनको लागि गएकी थिएँ।निज भदैनी समिक्षा विहानै घरबाट निस्कीएकी र कुनै सम्पर्क समेत नभएको भनी आमा हरिमायाले बताउनुभयो।बेलुका दाजु तेज बहादुर र निज समिक्षा बाहेकका अन्य परिवारले खाना खाई बाबु डोरन बहादुर र आमाले रक्सी समेत खानुभयो।राति समिक्षा आएपछी कहाँ गएकी भनि सोध्दा राधिकाकोमा गएकी थिए भनिन्।निजले पश्चिम तर्फको बरण्डामा गई मोवाईल चलाई बसेकी थिईन्।म र आमा एउटै कोठामा सुतेका हौं।विहान अ.२.३० बजेको समयमा एक्कासी समिक्षा चिच्चाएको सुनी जाँदा निजको शरीरमा आगो बलिरहेको देखि आमाले लुङ्गी र मैले एउटा कपडाको टालो ल्याई आगो छोपिदिंए र नानीले ड्याडी ड्याडी भनी कराएपछि दाजू पनि आई पानी ल्याई हाली आगो निभाई तत्काल उपचारको लागि

स्थानीय मेडीकलमा लग्ने क्रममा छेमालाई बोलाईदिन भनी नानीले भनेकी थिई बुटवल हुँदै पाल्पाको मिसन अस्पतालमा लगि उपचार गराउने क्रममा निजको छेमा रचना बुढा समेत आफन्तीहरु आई म घर फर्के। मेरो दिदी मधु खासु पनि त्यही बस्नुभयो। निज नानी सो अस्पतालमा उपचार हुन नसकी काठमाण्डौ लाँदा मेरो दिदी दाजु र निज रचना भई लिई गएका थिए। उपचारको क्रममा मिति २०७५।३।२० गते मृत्यु भएको हो। पछी निजको आमा माया थापाले मेरो विरुद्धमा किटानी जाहेरी दिएपछि पक्राउ परेको हुँ। घटना हुँदाका दिन मेरो दिदी मधु खासु आफ्नै घर बुटवलमा थिई भने म र आमासँगै थियौं। मैले के कसको कपडाले आगो निभाए मलाई थाहा छैन। आमाले उक्त लुङ्गी आगो निभाउन भनी आगो छोपी निभाउँदा पनि के कसरी लुङ्गी जलेको छैन। मेरो बायाँ हातको नाडीमा सामान्य पोलेको थियो । तत्काल हामीले कुनै गुहार गरिएन। निज समिक्षाको आनीबानी ठिक थिएन। घटना स्थलमा फेला परी बरामद भएका मट्टितेलको बोतल, स्टिलको गिलास, फुटेका रक्सीका सिसी सबै घर भित्रकै समानहरु हुन्। हजुरआमाले आगो लगाएकी हुन् भनि कसरी भनिन् मलाई थाहा भएन भन्ने समेत बेहोराको प्रतिवादी अमृता भन्ने शोभा कुमारी रानाले अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयान ।

१९. नातिनी समिक्षाको जन्म भएपछि छोरा तेज बहादुरले कान्छी श्रीमती विवाह गरेपछि छोरा बुहारीको झैं झगडा हुन थाल्यो। जेठी बुहारी मायालाई अंश दिई राखेका थियौं। पछि मायाले छोरीलाई लिई माईतमा गई बस्न थालेकी थिईन्। पछि निजले अर्को विवाह गरी विदेश गएको हुँदा निजलाई छुट्टाएको जग्गा विक्री गरी हामीले नै चलायौं। ६ महिना पहिले निज छोराले नातिनीलाई घरमा ल्याई राखेका हुन्। निजले घरको कुनै काम नगर्ने आफूखुसी हिड्ने उत्ताउला कपडा लगाउने राति सम्म मोवाईल खेलाउने जस्ता नराम्रा बानी थियो। एकपटक आफ्नो बुबा समेतलाई विपक्षी बनाई ईलाका प्रहरी कार्यालय रुपन्देहीमा निवेदन समेत दिएकी थिईन । मिति २०७५।३।९ गते घरमा रोपाई हुँदा टाउको दुखेको बहाना बनाई सुती रहेकी थिईन्। सो दिन दिउँसो छोरी शोभा पनि रोपाई गर्न आएकी थिईन्। बेलुका घरमा आई हामीले खाना खाँदासम्म पनि समिक्षा घरमा आएकी थिईनन् । राति ८ बजेतिर निज आएकी र केही समयपछि छोरा तेज बहादुर पनि गाउँतिरबाट आई खाना खाएका हुन्। राती श्रीमान आफ्नो कोठामा गएपछि म र छोरी शोभा एउटै कोठामा सुतेकोमा राति विहान अ.२.३० बजेको समयमा घरको गल्लितिर नातिनी

चिच्याएको सुनि जाँदा निजको शरीरमा आगो बलिरहेको हुनाले मेरो लुङ्गी र छोरीको कपडाले सो आगो छोपि निभाउन खोज्दा समिक्षाले ड्याडी ड्याडी भनि चिच्चाएपछि छोरा तेजबहादुर आई पानि ल्याई हालिदिए र आगो निभेपछि गाउँका भक्त बहादुर थापा समेत आएर मेरो श्रीमानले तत्काल अटो बोलाई उपचारको लागि लिई गएका हुन्। उपचारको क्रममा मिति २०७५।३।२० गते मृत्यु भएको हो। नानीले अन्तिम अवस्थामा मलाई हजुरआमाले आगो लगाईदिएको भनी बताएकी रहिछन्। घटना स्थलमा फेला परी बरामद भएका बोतल गिलास, फुटेका सिसा सबै घर भित्रकै समानहरु हुन् भन्ने समेत बेहोराको प्रतिवादी हरिमाया ठकुर्नीले अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयान ।

२०. मिति २०७५।३।१० गते विहान २.३० बजेको समयमा मेरो छिमेकी हरिमायाको घरमा हल्ला सुनी के भएछ भनी गई बुझ्दा नातिनी समिक्षा आगोले जलेको हुँदा उपचारको लागि पठाईएको भनी हरिमायाले बताएकी हुन्। उपचारको क्रममा मिति २०७५।३।२० गते मृत्यु भएको कुरा थाहा भयो। घटनास्थलमा मृतकको बिस्तारामा फुटेका सिसा स्टिल गिलास समेत घरकै भएको हुनाले सोहि घरकै मट्टितेल प्रयोग गरी हरिमायाँ समेतका परिवारबाट निजमाथि आगो लगाई दिएकोमा पूर्ण विश्वास लाग्छ भन्ने समेत बेहोराको प्रेम बहादुर थापाको कागज ।

२१. निज समिक्षा ठकुरी मेरो नजिककी साथी हुन्। म निजको घरमा जाने निज मेरो घरमा आउने गर्दथिन्। कुराकानीका क्रममा आफूलाई घर परिवारका कुनै सदस्यले राम्रो नमान्ने र अनेका गाली गर्ने स्कुलको फी नतिर्ने गर्दछन् भनी बताउने गर्थी । मैले घरबाट अंश लिई पढ्ने हो भन्थी । मिति २०७४।४।१० गते अ.२.३० बजेको समयमा सुतिरहेको अवस्थामा निजमाथी आगो लागि तत्काल घाईते भएकोले उपचारको लागि लगेकोमा उपचारको क्रममा मिति २०७५।४।२० गते मृत्यु भएको भन्ने कुरा थाहा भएको हो। निज समिक्षालाई निजकै हजुरआमाले मट्टितेल छर्की आगो लगाई दिई कर्तव्य गरेकोमा पूर्ण विश्वास लाग्दछ भन्ने समेत बेहोराको रीया मगरले गरेको कागज ।

२२. मिति २०७५।३।१० गते विहान अं.२.३० बजेको समयमा म आफ्नै घरमा सुतिरहेको अवस्थामा समिक्षा ठकुरी घरभित्रबाट कराएको सुनी गई हेर्दा छाति समेतका भाग तथा हातमा जलिसकेको अवस्थामा भित्र गल्लिमा आत्तिएकी अवस्थामा थिईन्। पछि उपचारको क्रममा मिति २०७५।३।२० गते मृत्यु भएको कुरा थाहा

भएको हो। समिक्षालाई हरिमाया समेतले मिलेमतोमा आगो लगाई दिई कर्तव्यबाट मृत्यु भएको कुरा मलाई विश्वास लाग्छ भन्ने समेत बेहोराको मिलन थापाको कागज।

२३. म र हजुरवुवा घरको माथिल्लो तलामा सँगै सुत्ने गर्दछौं । मिति २०७४।४।१० गते अ.२.३० बजेको समयमा म सुतिरहेको अवस्थामा तल्लो तलामा हल्ला भएको सुनी के भएछ भनी उठेकोमा हजुरआमा समेतका घर परिवारले आगो निभाई रहेका थिए। मैले पानी ल्याई हालिदिएको हुँ। निजको उपचारको क्रममा मिति २०७५।४।२० गते काठमाण्डौमा मृत्यु भएको हो। हजुरआमा हरिमाया, मामा तेज बहादुर, छेमाहरु मधु खासु र शोभा कुमारीले मट्टितेल लगाई आगो छर्की मारेको भन्ने कुरा माया थापाले के कसरी लेखेर दिएकी हुन् मलाई थाहा भएन भन्ने समेत बेहोराको डम्बर बहादुर ठकुरीले गरेको कागज।

२४. म मृतक समिक्षा ठकुरीले अध्ययन गर्ने भु.पु. सैनिक स्कुलको प्रिन्सिपल हुँ। मिति २०७५।३।१० गते विहानै आफ्नै घरमा आगोले जली गम्भीर घाईते भएकी निजको उपचारको क्रममा मिति २०७५।३।२० गते मृत्यु भएको कुरा मलाई थाहा छ। निज समिक्षाको स्कुल फी समेत घर परिवारले दिएका थिएनन्। उक्त आगो लगाउने कार्य हजुरआमा हरिमाया ठकुर्नी र निजको छोरी अमृता भन्ने शोभा कुमारी राना समेतले गरेकोमा मलाई पूर्ण विश्वास लाग्छ भन्ने समेत बेहोराको थम बहादुर सिंजाले गरेको कागज।

२५. म कंचन गाउँपालिका वडा नं.५ को निर्वाचित अध्यक्ष हुँ। मिति २०७५।३।१० गते विहान आफ्नै घरमा आगोले जलि गम्भीर घाईते भएकी समिक्षा ठकुरीको उपचारको क्रममा मिति २०७५।३।२० गते मृत्यु भएको कुरा मलाई थाहा छ। उक्त घटना बाहिरी मानिसबाट भएको कुरामा मलाई विश्वास लाग्दैन भन्ने समेत बेहोराको कृष्ण प्रसाद अधिकारीको कागज।

२६. आगोले शरीर छाती समेतको भाग जलेको कारणाबाट निज समिक्षाको मृत्यु भएको हो भन्ने समेत बेहोराको शव परीक्षण प्रतिवेदन।

२७. प्राप्त हुन आएको नमूना तरल पदार्थ मट्टितेल नै भएको भन्ने प्रयोगशालाको प्रतिवेदन।

२८. मृतक समिक्षा ठकुरी जाहेरवाली माया थापा र प्रतिवादीहरु सबैलाई राम्रोसँग चिन्दछु। मिति २०७५।३।१० गते विहान २।३० बजेको समयमा जिल्ला

रुपन्देही कंचन गाउँपालिका वडा नं.५ पिपरीचौंपा स्थित आफ्नै घरमा सुतेको अवस्थामा आगोले जली गम्भीर घाईते भएकी बर्ष१५ की समिक्षा ठकुरीको उपचारको क्रममा मिति२०७५।३।२० गते काठमाण्डौ किर्तिपूर स्थित वर्न अस्पतालमा मृत्यु भएको हो । सो घटनाका बारेमा हेर्दा बुझ्दा मृतक सुत्ने कोठा विस्तारामा फुटेका सिसा घर भित्रबाट मट्टतेलका बोत्तल भित्र कोठा भित्रको सुर्केसमा राखेको अवस्थामा गन्ध आएको स्टिलको गिलास घरकै भएको पुष्टि भई आएको देखिंदा प्रतिवादीहरु हरिमाया ठकुर्नी अमृता भन्ने शोभा कुमारी ठकुरी तेज बहादुर ठकुरी मधु खासुको सर सल्लाह मिलोमतो संलग्नता मस्त निद्रामा परेकी निजलाई मट्टितेलको प्रयोग गरी आगो लगाई दिई कर्तव्य गरी मारेकोमा पूर्ण विश्वास लाग्छ। निज प्रतिवादीहरुलाई कानून बमोजिम कारवाही चलाई पाउँ भन्ने समेत बेहोराको बस्तुस्थिति मुचुल्का गर्ने गौरी थापा समेतका ५ जना मानिसहरुको एकै मिलानको कागज।

२९. प्रतिवादी तेज बाहदुर ठकुरीलाई खोज तलास गर्दा निजकै घर वतनमा फेला पारी पक्राउ गरिएको भन्ने प्रहरी प्रतिवेदन ।

३०. मैले १५।१६ बर्ष अगाडी जाहेरवाली माया थापालाई विवाह गरी निजबाट छोरी समिक्षाको जन्म भए पछि मैले पुन दोस्रो विवाह गरेकी हुँदा निज मायालाई अंश दिई राखेकोमा छोरी दुई बर्ष हुँदा माईतीमा गई बस्दै आएकीमा निजको अंश समेत बेचिदिएका हौं।निजले दोस्रो विवाह गरेकीले निज छोरीलाई मैले घरमा ल्याउँदा आमा समेतले मलाई गाली गरेका थिए। मिति २०७५।३।९ गते घरमा रोपाई थियो।बहिनी शोभा पनि आएकी थिई।मेरी छोरी घरमा थिईनन्।साँझ घरमा आएकीले छोरीले सँगै खाना खाई सुतेकोमा राति-बिहान ड्याडी ड्याडी भनी चिच्चाएपछि म उठेर गल्लीमा जाँदा समिक्षाको शरीरमा आगो आगो लागिरहेको चुपचाप गरी आमा हरिमाया र बहिनीले आगो निभाउन लागेको देखि मैले पानि ल्याई निभाई उपचारको लागि लगेका थियौं। मिति २०७५।३।२० गते उपचारको क्रममा मृत्यु भएको हो।बुढेसकालमा आमा समेतलाई किन जेल हाल्ने तथा गाउँमा समेत ईज्जत जाने डरले तत्काल मैले जाहेरी दरखास्त दिदा उक्त कुराहरु नलेखाएको हुँ।सो आगो लगाउने कार्य मैले गरेको छैन।मेरी आमा र शोभाले उक्त कार्य गरेको हुनुपर्छ भन्ने समेत बेहोराको तेज बहादुर ठकुरीको बयान कागज।

३१. प्रतिवादीहरु मध्ये हरिमाया ठकुर्नी, अमृता भन्ने शोभा कुमारी राना र तेज बहादुर ठकुरीलाई मुलुकी ऐन, ज्यान सम्बन्धी महलको १ र १३(३) नं. को कसूर अपराधमा ऐ.ऐन महलको १३(३) नं. बमोजिम सजाय गरी पाउन र प्रतिवादी मधु खासुलाई ऐ.ऐन महलको १ र १३(७) नं. बमोजिम सजाय गरीपाउँ भन्ने समेत बेहोराको अभियोग मागदावी।

३२. उक्त मिति २०७५।३।१० गते म आफ्नै घर कोठामा सुति निदाएकी थिँए । उक्त राति करिव २.३० बजेको समयमा मेरो नातिनी समिक्षा ठकुरीले बेस्सरी चिच्याएको सुनी निन्द्राबाट उठी निज सुत्नेगरेको कोठातिर जान लाग्दा बाहिर गल्लीमा निज समिक्षा आगेले जलेको देखि मैले चिच्याउँदै तत्कालै कपडाले आगो निभाउन खोज्दा खोज्दै मेरो छोरी अमृता भन्ने शोभा कुमारी र छोरा तेज बहादुर आई नातिनीलाई लागेको आगो निभाउँदा निभाउँदै घरमा भएका अन्य सदस्यहरु समेत सबै उठी छिमेकीहरु समेत बोलाई निज नातिनीलाई उपचारको लागि रातिनै अटो बोलाई स्थानीय मेडिकलमा लगि त्याहाँबाट पाल्पा मिसन हुँदै काठमाण्डौ स्थित किर्तिपूर बर्न अस्पतालमा लगि उपचार गराउँदा गराउँदै निजको मिति २०७५।३।२० गते मृत्यु भएको हो।मिति २०७५।३।२६ गते म आफ्नै घरमा बसिरहेको अवस्थामा ममाथि नातिनी मारेको भनी उजुरी परेको छ भनी प्रहरीले मलाई पक्राउ गरेका हुन्।बरामदित सामान मध्येका रातो रंगको आगोले जलेको कपडा बाहेक अन्य कपडा बोतल तथा सिसाहरु घरकै हुन्।सो कपडा कस्को हो सो मलाई थाहा भएन।हाम्रो घरको कुनै सदस्यको होईन।म उपरको अभियोग मागदावी गलत छ।म निर्दोष छु।त्यसैले मलाई सजाय हुनु पर्ने होईन भन्ने समेत बेहोराको हरिमाया ठकुर्नीले सुरु अदालत समक्ष गरेको बयान।

३३. मिति २०७५।३।१० गते म आफ्ने घर कोठामा सुती निदाएकी थिएँ।उक्त राति करिव २.३० बजेको समयमा मेरो छोरी समक्षी ठकुरीले ड्याडी भनी चिच्चाएको सुनी निद्रबाट उठी निज सुत्ने गरेको कोठातिर जान लाग्दा बाहिर च्यानेलगेट नजिकै गल्लीमा निज समिक्षा आगोले जलेको र निजलाई आमा हरिमायाले कपडाले छोपी आगो निभाउन लाग्नु भएको तथा बहिनी शोभा कुमारी त्यही नजिकै बसी आगो निभाउन लागेको देखि मैले हतार हतार ग्यालेनमा पानी ल्याई खनाई निजको शरीरमा लागेको आगो निभाएको हुँ।यसरी आगो निभाउँदै घरमा हुन भएका अन्य सदस्यहरु बुवा तथा छोरा र भान्जा समेत सबै उठी आगो निभाई छिमेकीहरु समेत

बोलाई निज छोरीलाई उपचारको लागि राति नै अटो बोलाई स्थानीय मेडिकलमा लगि त्यहाँबाट बुटवल अस्पताल तथा पाल्पा मिसन अस्पताल हुँदै काठमाण्डौ स्थित किर्तिपूर बर्न अस्पतालमा लगि उपचार गराउँदा गराउँदै निजको मिति २०७५।३।२० गते मृत्यु भएको हो। मिति २०७५।४।१५ गते म आफ्नै घरमा बसेको अवस्थामा प्रहरी मेरो घरमा आई सोही घटनाको सम्बन्धमा तपाईसँग सोधपुछ गर्नु छ भनी लिईगई मलाई पक्राउ गरेका हुन्। बरामदित समान मध्येका रातो रंगको आगोले जलेको कपडा हाम्रो घरको होईन। सो कपडा कसको हो सो मलाई थाहा भएन। कपडा बाहेक अन्य बोतल तथा सिसाहरु हाम्रै घरको हो होईन मलाई थाहा भएन। म उपरको अभियोग मागदावी गलत छ। म निर्दोष छु। त्यसैले मलाई सजाय हुनु पर्ने होईन भन्ने समेत बेहोराको तेज बहादुर ठकुरीले सुरु अदालत समक्ष गरेको बयान ।

३४. मिति २०७५।३।९ गते म माईतमा विरामी बुवालाई भेट्न र धान रोपिदिन भनि गएकी हुँदा उक्त मिति २०७५।३।१० गते राति म कंचन गा.पा.५ पिपरीचापाँ स्थित माईती घरमा थिएँ । उक्त राति म माईती घरमा सुति निदाएको अवस्थामा राति करिव २.३० बजेको समयमा भदैनी समिक्षा ठकुरीले बेस्सरी चिच्चाएको सुनी निद्रबाट उठी के भयो भनि बाहिर निस्कदा गल्लीमा निज समिक्षा आगोले जलेको र आमा आगो निभाउन जाँदै गर्नुभएको देखि मैले आत्तिदै चिच्चाउँदै आगो निभाउन कपडा खोज्न भनी कोठामा गई कपडाहरु ल्याई आगो निभाउन खोजेको अवस्थामा दाई तेज बहादुर आई पानी खन्याई समिक्षालाई लागेको आगो निभाउँदा निभाउँदै घरमा हुनु भएका अन्य सदस्यहरु समेत सबै उठी छिमेकीहरु समेत बोलाई निज समिक्षालाई उपचारको लागि राती नै अटो बोलाई स्थानीय मेडिकलमा लगि त्यहाँबाट पाल्पा मिसन हुँदै काठमाण्डौ स्थित किर्तिपूर बर्न अस्पतालमा लगि उपचार गराउँदा गराउँदै निजको मिति २०७५।३।२० गते मृत्यु भएको हो। मिति २०७५।३।२७ गते बुटववल ४ पाखापानी स्थित आफ्नै घरमा बसी रहेको अवस्थामा प्रहरी आई सोधपुछ गर्न भनि प्रहरी कार्यालयमा लगि पक्राउ गर्नुभएको हो। बरामदित समानहरु कपडा बोतल तथा सिसाहरु घरकै हुन होईनन् मलाई थाहा भएन। म उपरको अभियोग मागदावी गलत छ। म निर्दोष छु। त्यसैले मलाई सजाय हुनु पर्ने होईन भन्ने समेत बेहोराको शोभा कुमारी रानाले अदालत समक्ष गरेको बयान ।

३५. समिक्षाको मट्टितेल खनाएर आगो लगाइ जलेर मृत्यु भएको हो। सो कार्यमा बज्यै हरिमाया ठकुरी फूपु अमृता र मधुको संलग्नता रहेको। बुबाले पानी हालेर निभ्याउने कार्य गरेका हुन्। बाजे डोरन बहादुर ठकुरीको पनि मिलेमतोमा उक्त घटना भएको हो भन्ने समेत बेहोराको वादी नेपाल सरकारका साक्षी सीता थापाले गरेको बकपत्र।

३६. समिक्षासँग मेरो कुराकानी हुँदा निजले राती म घर पछाडीको बाहिर पेटीमा बसेर मोवाइल चलाएको अवस्थामा २ जना केटाहरु आएर बोलाएका थिए। तर म गइन। निजहरुले तलाइ पख भन्दै गएका थिए। म झ्यालको मुनी बिस्तारामा सुतेको अवस्थामा एक्कासी आगो र मट्टितेल बाहिरबाट फालेर भागेका हुन्। म धारामा गए पानी पेलेर निभाउन खोज्दा सकिन। भित्र आएर चिच्याएपछि हजुरआमा फूपु र बुबा समेत मिलेर आगो निभाउनुभयो भनी बताएकी थिइन् भन्ने समेत बेहोराको प्रतिवादीहरुका साक्षी अंजना ठकुरीले गरेको बकपत्र ।

३७. घटना के कसरी भयो भन्ने सम्बन्धमा समिक्षाले पछि बताउँछु भनी जवाफ दिएकी हुन् भन्ने समेत बेहोराको वादी नेपाल सरकारको साक्षी लक्ष्मी लामिछाने ज्ञवालीले गरेको बकपत्र।

३८. समिक्षा ठकुरीलाइ बाजे डोरन बहादुर ठकुरी बज्यै हरिमाया ठकुर्नी र अन्य परिवारका सदस्यहरु बाबु तेज बहादुर ठकुरी फुपुहरु मधु खासु अमृता भन्ने शोभा कुमारी राना समेत सम्पूर्ण परिवारका सदस्यहरुको मिलिमतोमा मट्टितेल खन्याई कर्तव्य गरी मारेका हुन् भन्ने समेत बेहोराको वादी नेपाल सरकारका साक्षी गौरा थापाले गरेको बकपत्र ।

३९. समिक्षा ठकुरीलाइ निजका फूपुहरु मधु खासु अमृता ठकुरी बज्यै हरिमाया बाजे डोरन बहादुर बाबा तेज बहादुर लगाएत निजका फूपुका छोरा र कान्छी आमाको छोरा समेतको मिलिमतोमा निज मस्त निदाएको अवस्थामा शरीरमा मट्टितेल खन्याई उठ्न खोज्दा टाउकोमा बोतलले हानी बेहोस बनाइ आगो लगाइ जलाई निजको उपचारको क्रममा मृत्यु भएको हो। उपचारको क्रममा मैले निजलाइ सोध्दा मलाई हजुरआमा हरिमाया ठकुरीले हो भनी भनेको थिई। समिक्षाले हजुरआमा बाहेक अरुलाइ पोलिनन् तर उक्त कार्य हरिमायाले मात्र नभइ घर परिवार सबैको मिलिमतोमा उक्त घटना भएक हो भन्ने समेत बेहोराको वादी नेपाल सरकारका साक्षी रचना बुढाथोकीले गरेको बकपत्र ।

४०. समिक्षा ठकुरीलाइ आगो लगाई जलाई मार्नमा फूपुहरु अमृता, मधु हजुरआमा हरिमाया हजुरबुबा डोरन बहादुर बुबा तेज बहादुर ठकुरी समेतको संलग्नता रहेको छ। मैले समिक्षासंग सोध्दा उनले मैले पछि भन्छु भनेकी थिइन भन्ने समेत बेहोराको वादी नेपाल सरकारका साक्षी याम कुमारी पुनले गरेको बकपत्र ।

४१. घटनाको राम्रोसंग छानविन होस्। निर्दोष नपरोस र अपराधी नछुटोस्। मधु, अमृता, हरिमाया, तेज बहादुर समेतले मिलोमतो गरी समिक्षा ठकुरीलाइ कर्तव्य गरी मारेको कुरा मैले सुनेको हो। मैले घटना प्रत्यक्ष देखेकी होइन भन्ने समेत बेहोराको वादी नेपाल सरकारको साक्षी लालु माया पुनले गरेको बकपत्र ।

४२. मृतक सुत्ने कोठामा बाहिर झ्यालबाट हान्न मिल्ने अवस्था छैन। भित्र छरिएर रहेका बिस्तारामा भएका सिसाका टुक्राहरु घर भित्रैको फुटेको हुनुपर्छ। सो घरमा बजुलीको बायरिङ समेत भएको हुँदा मट्टितेलको टुकी बाल्नु पर्ने अवस्था छैन भन्ने समेत बेहोराको घटनास्थल मुचुल्का गर्ने प्र.ह. चन्द्र बहादुर गुरुङले गरेको बकपत्र।

४३. मृतकको लासजाँच मुचुल्का गर्दा उक्त लासको घाँटी देखि तल थाई सम्मको भागमा जलेको घाउ भई व्यान्डेज लगाएको अवस्थामा रहेको थियो भन्ने समेत बेहोराको लास जाँच मुचुल्का गर्ने प्रहरी नायब निरिक्षक बलराम झा ले गरेको बकपत्र।

४४. प्रतिवादी मध्येकी मधु खासु भन्ने व्यक्ति उक्त दिन घटनास्थल मै नभएको, निज बुटवलमा भएको देखिंदा निजको हकमा वादी नेपाल सरकारको अभियोग मागदावी पुग्न सक्दैन। प्रतिवादी तेज बहादुर ठकुरी मृतकको बुवा भएको र आगो लागि अस्पताल लैजादा मृतकलाई कसले आगो लगायो भनी निज बुबाले बारम्बार सोध्दा पछि भनौला भनी तत्काल नबताएको, आगो लाग्ने बित्तिकै ड्याडी ड्याडी भनी चिच्याई हो-हल्ला गरी बुवालाई बोलाएको देखिंदा र मृतकले मृत्युपूर्व निजलाई नपोलेको हुँदा निज उपरको अभियोग मागदावी पनि पुग्न सक्दैन। त्यस्तै अर्का प्रतिवादी अमृता भन्ने शोभा कुमारी रानाको हकमा विचार गर्दा, निज विवाह भई आफ्नो घरमा बस्ने गरेकोमा उक्त दिन माईतीमा धान रोपाईको काम सघाउन मात्र आएकी हुँदा यी मृतकसँग निज शोभा कुमारीको कुनै सम्बन्ध स्वार्थ इत्यादी केही नभएको अवस्था रहेको र मृतकले पनि निज उपर कुनै पोल नगरेको अवस्था छ। बुझिएका केही व्यक्तिहरु मध्येका रचना बुढाथोकी समेतका व्यक्तिहरुले शंका देखाई पोल गरी बकपत्र गरे पनि शंकाको भरमा ज्यान जस्तो गम्भीर कसूर सजाय गर्न फौजदारी कानून तथा प्रमाण कानूनको वर्खिलाप हुन जाने हुँदा शंकाको सुविधा

प्रतिवादीले पाउने सिद्धान्त अनुसार पनि प्रतिवादीले उन्मुक्ति पाउने हुँदा प्रतिवादी अमृता भन्ने शोभा कुमारी रानाले पनि प्रस्तुत मुद्दाको अभियोग मागदावीबाट सफाई पाउने ठहर्छ ।प्रतिवादी मध्येकी हरिमाया ठकुर्नीको हकमा विचार गर्दा, मृतकले मृत्युपूर्व रचना बुढाथोकीलाई यिनै प्रतिवादी हरिमाया ठकुर्नीले सुतेको बेलामा मट्टीतेल खन्याएको र उठ्न खोज्दा बोतलले टाउकोमा हानी शरीरमा आगो लगाएको भनी बताएको भन्ने रचना बुढाथोकीले मौकामा गरेको घटना विवरण कागज र निजले सुरु अदालतमा गरेको बकपत्रबाट देखिन्छ।मृतकको ओछ्यानमा बोतल फुटेको पनि छ।मृतकलाई आगो लगाएको र आगो लागी भाग्न खोज्दा घर भित्रको बरण्डा पुग्दा सम्म प्रयोग भएको मट्टितेल खन्याएको गिलास अर्को कोठामा पुगी सकेको देखिन्छ।मट्टीतेल राखेको बोतल घरको माथिल्लो तलामा रहेको, मट्टितेल शरीरमा खन्याउँदा प्रयोग भएको गिलास अर्को कोठामा रहेको, मृतकलाई प्रहार गरी फुटेको बोतल हजुरआमाको तेल हाल्ने सोही घरको बोलत भएको देखिन्छ । मृतक सुत्ने ओछ्यानमा बाहिरबाट कुनै पनि व्यक्ति आएर मट्टितेल खोजी शरीरमा खन्याई आगो लगाई गिलास अर्को कोठामा सुरक्षित राखी आगो लगाउने सलाई लाइटर लगि भागी जाने अवस्था पनि नरहेको, मट्टीतेल बाहिरबाट कसैले ल्याएको पनि नदेखिएको, मृतकलले आगो लागि हो हल्ला गर्दा यी प्रतिवादी हरिमाया ठकुर्नीले मृतकका बुवालाई समयमै खबर नगरेको भन्ने मृतकका बुवाको बयान रहेको र यी प्रतिवादी समेतले मृतकका आमाको भागको जग्गा समेत बिक्री गरी घर बनाएको, मृतकको स्कुल फी समेत नतिरिदिएको, मृतकका बुवाका नाउँमा मृतकले प्रहरीमा उजुरी गरिसकेपश्चात् निजले अब आइन्दा त्यस्तो कुटपीट नगर्ने कागज गरी दिएबाट र आफ्नो अंशभाग खोजी राखेको कारण समेतबाट घरको मुख्य व्यवहार हेर्ने यी प्रतिवादी हरिमाया ठकुर्नीलाई रिस उठी रहेको कारण समेतबाट प्रतिवादी हरिमाया ठकुर्नीले मृतक समिक्षा ठकुरी सुती पल्टी राखेको अवस्थामा घरको माथिल्लो तलामा रहेको बोतलबाट गिलासमा मट्टीतेल ल्याइ शरीरमा खन्याई मृतकले थाहा पाउँदा बोतलले हानी घाइते बनाई आगो लगाई दिएको कुरा निज घाइते भएपछि उपचारको क्रममा भनेको र उपचार हुँदा घर परिवारका कुनै पनि व्यक्तिको विश्वास नगरी आफ्नो आमाको बहिनी क्षमा नाताकी रचना बुढा मगरको मात्र विश्वास गरी निजलाई बोलाई भनेको समेत देखिंदा यी प्रतिवादी हरिमाया ठकुर्नीले वादीको अभियोग मागदावी अनुसार तत्काल प्रचलित मुलुकी ऐनको ज्यान सम्बन्धी महलको

१ नं. विपरीत कसूर गरेको हुँदा सो कसुर गरे वापत प्रतिवादी हरिमाया ठकुर्नीलाई तत्काल प्रचलित मुलुकी ऐन, ज्यान सम्बन्धी महलको १३(३) नं. अनुसार सर्वश्व सहित जन्मकैद हुनेमा हाल सर्वश्वको प्रावधान नहुँदा जन्म कैदको सजाय हुने ठहर्छ, भन्ने समेत बेहोराको सुरु रुपन्देही जिल्ला अदालतबाट मिति २०७६।०८।१९ मा भएको फैसला।

४५. प्रयोग भएको भनिएको गिलास घरको होइन, उक्त गिलास सोही कोठामा रहेको भए आगो लाग्न सक्दैनथ्यो त? त्यसैले गिलास सोही कोठामा हुनु र पल्लो कोठामा हुनुमा कुनै भिन्नता नहुने भएकाले प्रस्तुत फैसलामा सोही गिलासबाटै मट्टितेल खन्याएको हो भन्नका लागि प्रयोग भएको गिलास समाउने हातको फिङ्गर प्रिन्ट विधि विज्ञान प्रयोगशालामा प्रमाणित गर्न सकिएको अवस्था पनि छैन। मृतकलाई प्रहार गरी फुटेको बोतल हजुरआमा (मृतकको जिजुआमा) को तेल हाल्ने बोलत भएको भन्ने कुराको सन्दर्भमा हजुरआमा (मृतकको जिजुआमा) भन्ने व्यक्तिको कुनै वकपत्र समेत नलिई जुन व्यक्तिबाट जुन कुराको पुष्टि हुनुपर्दथ्यो ती व्यक्तिको बकपत्र वयान नगराई केवल घर बाहिरको व्यक्तिको भनाईलाई आधार लिएको पाइन्छ। मृतकको कोठामा सुत्ने एक मात्र चश्मदित गवाह हजुरआमा भन्ने व्यक्तिलाई सोध्दा मृतकको मृत्यु आफ्नै कारणबाट भएको हो वा कुनै कसैको कारणबाट मृत्यु भएको हो वा बाहिरबाट एक्कासी मट्टितेल र आगोको ज्वाला सुत्ने गरेको कोठामा फाली भागेको हो सो व्यक्तिको कुनै अनुसन्धान नै नभै निज व्यक्ति माथी तत्कालिन मुलुकी ऐन, आगो लगाउनेको महल बमोजिम कारवाही नगरी म निर्दोष पुनरावेदक प्रतिवादीलाई अनुमान र शंकाको भरमा तथा घटना घटेको दिनमा देख्ने र भन्ने सक्ने व्यक्तिको अभावमा लिइएको आधार समेत ने.का.प. २०४४ अंक ८ नि.नं. २८३० पृष्ठ ८२७ को विपरीत भै पून विवाह गरेकी मृतककी आमाको रिस परेकोमा झुट्टा आरोप समेत लाग्न सक्ने हुनाले शंकारहीत तवरबाट प्रतिवादीको कर्तव्य ज्यान मरेको अवस्था वादी पक्षबाट प्रमाणित हुन नसकेको हुनाले प्रतिवादीहरुले सफाई पाएको अवस्था उक्त नजिरमा समेत स्थापित भएको छ। निज मृतकको होश हुन्जेल सम्म (Fit state of mind अथवा conscious condition) मा मलाई पोलेर आगो लगाएको भनी तत्काल घरमा आएका भक्त बहादुर थापा, युवराज नेपाली, प्राथमिक उपचारमा संलग्न लक्ष्मी लामिछाने, उपचारमा संलग्न अस्पतालका डाक्टर, बुझ्न आउने प्रहरी समेत कसैलाई पनि बताएकी छैनन्। रचना बुढा मगरको कागज र बकपत्र विश्वाश लायक छैन।

निजलाई मैले मार्नु पर्ने रम्मको पूर्व रिसइवी, स्वार्थ छ भनि वादी पक्षबाट देखाइएको पनि छैन। यस मुद्दामा मुख्य वारदात कसरी भयो? अनुसन्धानकर्ता र अभियोजन कर्ताले विस्तृत अनुसन्धान नगरी विना अनुसन्धान नै निष्कर्षमा पुगेको देखिन्छ। वारदातको दिन निज मृतक समिक्षा ठकुरी दिन भरी घरमा नबसेको, बेलुका घरमा अबेर गरी आएको र निजले मोवाईल चलाई राती अवेरसम्म वरण्डामा बसेको भनी मैले अधिकार प्राप्त अधिकारी समक्ष गरेको मौकाको वयान कागज, सोही घरमा बस्ने छोरा पट्टिका नाती डम्मर बहादुर ठकुरीले मौकामा प्रहरी समक्ष गरेको कागजबाट उक्त वारदात कसरी घटित भयो?भन्ने बेहोरालाई सवतन्त्र अनुसन्धान गर्नु पर्ने थियो। तर, अनुसन्धान अधिकारीले त्यसतर्फ ध्यान केन्द्रित गरेको देखिदैन। अनुसन्धान कर्ताले अनुसन्धानको क्रममा बुझ्नुपर्ने निज मृतक वारदातको अघिल्लो दिन कहाँ कहाँ पुगेको हो? को को सँग सम्पर्क भएको हो? त्यो प्रमाणित गर्ने निजले बोक्ने मोवाइल अनुसन्धान कर्ताले आफ्नो जिम्मामा लिए पनि कल डिटेलबारे कुनै अध्ययन अनुसन्धान गरिएको छैन। निजलाई लुम्बिनी अञ्चल अस्पतालमा उपचारको गर्दाकै क्रममा प्रहरीले सोधपुछ गरेको मुचुल्का Police case record र निज मृतकसँग सोधपुछ गरेको कागज, त्यसै गरी पाल्पा मिसन अस्पतालमा लाने क्रममा निजको उपचार अवधिमा निज मृतकको होस ठेगानमा छदै निजले आफु उपर वारदात गर्ने व्यक्तिको नाम, घटना विवरण खोल्न सक्ने अवस्था हुँदा हुँदै पनि आगो लागेको जस्तो गम्भीर घटनामा प्रहरीले जुन चासोको साथ सोधपुछ, अनुसन्धान र प्रमाणको खोजि गर्नु पर्ने थियो सो कुनै प्रकृया पनि नअपनाई जब समिक्षा ठकुरीको मृत्यु भए पश्चात निजकी सानी आमा रचना बुढाथोकीर निजकी आमा माया थापाको विना स्रोतको जाहेरी खडा गरी मलाई कसूरदार कायम गरी सजाय मागदावी गरेको अनुसन्धान र अभियोग प्रचलित कानून, अपराध अनुसन्धान पद्धति र ऐनले निर्दिष्ट गरेको कार्यविधिगत प्रकृया समेतको विपरित छ। पूर्वाग्रहण पूर्ण जाहेरीकै आधारमा मात्र कसूरदार प्रमाणित गर्न नमिल्ने सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित (ने.का.प. २०४३ नि.नं. २७५० पृष्ठ५४२) सिद्धान्त विपरीत भएको छ। आवेग, पूर्वाग्रहबाट गरेको बकपत्र तथा तत्काल बुझेको प्रमाणहरुबाट वादी पक्षले तत्कालीन प्रमाण ऐन, २०३१ को दफा २३(७) २५ बमोजिम वादी पक्षको अभियोजन प्रमाणित हुन सक्नुपर्दछ। अनुसन्धानकर्ताको उदासिन अनुसन्धान र अभियोजन कर्ताको अनुमानिक अभियोजनले मात्र प्रयाप्त कसूर

प्रमाणित हुनको लागी प्रयाप्त आधार बन्न सक्दैन। आफ्नो काखामा पाली हुर्काएर बढाएकी नातिनी जस्को सम्वन्ध पारिवारको भविष्यसँग गासिएको छ, त्यस्तो परिवारको सदस्यलाई बाबु, बजै, फूपुहरु मिलि मारेको भनी घर परिवार छोडी अन्यत्रै व्यवहार गरी सकेकी माया थापा जाहेरवाली र निजको बैनी रचनाले व्यक्त गरेको भनाईमा मात्र केन्द्रीत रही गरिएको मुद्दाको कारवाही स्वतन्त्र हुनै सक्दैन। साथै निजहरुको मात्र भनाईमा आधारित भै म उपरको कसूर कायम गरी सजाय समेत गर्न मिल्दैन। त्यसैले मलाई आरोपित कसूर प्रमाणित गर्ने स्वतन्त्र प्रमाणहरुको सख्त अभाव भएकोले आरोपित कसूर तथा सजायबाट मलाई सफाई दिलाई न्याय पाउँ भन्ने समेत बेहोराको पुनरावेदक प्रतिवादी हरिमाया ठकुरीको पुनरावेदन जिकिर।

४६. प्रस्तुत वारदातमा घटनास्थलबाट मट्टिलेलको बोत्तल, मट्टितेल लागेको स्टिलको गिलास, फुटेका रक्सीका सिसि, जलेको कपडा लगायतका चिजवस्तु फेला परेको भन्ने घटनास्थल प्रकृती मुचुल्काबाट देखिएकोमा उल्लेखित चिजवस्तुहरु प्रतिवादीहरुबाट सनाखत समेत भएको र मृतक समिक्षाको सुत्ने बिस्तारामाथि फुटेको सिसा समेत फेला परेको तथ्यलाई निजहरुले स्वीकार गरेको पाइन्छ। घटनास्थल मृतक सुत्ने कोठाबाहिर झ्यालबाट हान्न मिल्ने अवस्था नरहेको, भित्र छरिएर रहेका विस्तारामा भएका सिसाका टुक्रहरु घर भित्रै फुटेको तथा घरमा बिजुली बत्तीको व्यवस्था रहेकोले टुकी बाल्नु पर्ने अवस्था समेत नरहेको तथ्यलाई घटनास्थल मुचुल्का गर्ने प्रहरी हवल्दार चन्द्रबहादुर गुरुङले बकपत्रबाट प्रस्टयाएको साथै वादी पक्षका अन्य साक्षीहरुले समेत प्रतिवादीहरुको मृतक प्रतिको विगतको क्रियाकलाप र वारदातलाई आङ्कलन गर्दै सबै प्रतिवादीहरुको आपसी मिलोमतोमा उक्त घटना संभव भएको भनि भनेको स्थितिमा मिसिल संलग्न उल्लेखित प्रमाण तथा निजको मृत्युकालीन घोषणा समेतलाई दृष्टिगत नगरी हरिमाया बाहेकका अन्य प्रतिवादीहरुलाई कसूरबाट सफाई दिने गरी भएको सुरु फैसला प्रमाण ऐन, २०३१ को दफा १०,११,१८ र ५४ विपरित हुनुको साथै सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त (ने.का.प. २०५०, अंक १, पृष्ठ ४३, नि.नं. ४६८६) समेतको विपरीत हुँदा सो हदसम्म त्रुटिपुर्ण छ। अतः माथि विवेचित आधार प्रमाणहरुबाट प्रतिवादीहरु तेज बहादुर ठकुरी, अमृता भन्ने शोभा राना र मधु खासुलाई आरोपित कसूरमा सफाई दिने गरी भएको रुपन्देही जिल्ला अदालतको फैसला सो हदसम्म त्रुटिपूर्ण हुँदा बदर

गरी यी प्रतिवादीहरुलाई समेत अभियोग मागदावी बमोजिम सजाय गरीपाउँ भन्ने समेत बेहोराको पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिर।

४७. यसमा सुरु रुपन्देही जिल्ला अदालतबाट मिति २०७६।०८।१९ मा भएको फैसला उपर सफाई पाएका तेज बहादुर ठकुरी, शोभा कुमारी राना र मधु खासुको हकमा वादी नेपाल सरकार र कसूर ठहर भएकी प्रतिवादी हरिमाया ठकुरीको पुनरावेदन परेको देखिंदा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४०(३) को प्रयोजनार्थ हरिमाया ठकुरीको पुनरावेदनको प्रतिलिपी सहितको जानकारी उच्च सरकारी वकिल कार्यालय, बुटवललाई दिई वादी नेपाल सरकारको पुनरावेदनको रोहबाट प्रत्यर्थी प्रतिवादीहरु तेज बहादुर ठकुरी, शोभा कुमारी राना र मधु खासुलाई झिकाई नियमानुसार पेश गर्नू भन्ने समेत व्यहोराको यस अदालतबाट मिति २०७७।०६।१३ मा भएको आदेश।

## ठहर खण्ड

४८. नियम नियमानुसार साप्ताहिक तथा दैनिक पेशी सूचिमा चढी निर्णयार्थ पेश भएको प्रस्तुत मुद्दामा पुनरावेदक वादी नेपाल सरकारको तर्फवाट उपस्थित विद्वान सहायक-न्याधिवक्ता श्री बिष्णुहरि मरासिनीले प्रतिवादी तेज बहादुर मल्लले जेठी श्रीमती माया थापाले अर्को विवाह गरी गईसकेपछि प्रतिवादीका साथमा रहेकी छोरी (मृतक) लाई हेला होचो गर्ने, कुटपीट गर्ने र शिक्षा दीक्षाको व्यवस्था नगर्ने गरेको कारणबाट प्रतिवादीहरु मिलिमतो गरी समिक्षा ठकुरीलाई राती सुतेको बेला मट्टीतेल खन्याई आगो लगाई घाईते बनाएकोमा उपचारको क्रममा मृत्यु भएकोमा एकजना प्रतिवादी हरिमाया ठकुरीलाई मात्र सजाय गरी अन्य प्रतिवादीहरुलाई सफाई दिने ठहराएको सुरु फैसला केही उल्टी गरी तेज बहादुर ठकुरी, अमृता भन्ने शोभा कुमारी राना र मधु खासु समेतलाई सजाय गरी पाउँ भनि र पुनरावेदक प्रतिवादीका तर्फवाट उपस्थित विद्वान अधिवक्ता श्री लिलाधर मरासिनीले मेरो पक्ष हरिमायाँ ठकुरी आरोपित कसूरमा इन्कार रही दुबै निकायमा सफाई पेश गरेको, रचना बुढाथोकीको कागज र बकपत्र शंकास्पद रहेको र निज पुनरावेदीकालाई शंकाको आधारमा सुरुबाट जन्म कैद हुने ठहराएको फैसला त्रुटिपूर्ण रहेकोले केही उल्टी गरी सफाई दिनुका साथै अन्य प्रत्यर्थीहरुको समेत अभियोग पुष्टी गर्ने प्रमाणको अभाव भएकोले सुरुबाट निजहरुलाई सफाई दिने गरी भएको फैसला सो हद सम्म सदर गरी पाउँ भनी गर्नु भएको बहस सुनियो।

४९. मिसिल केलाई हेर्दा, संकलित प्रमाण र घटनाको समग्र परिवेश हेर्दा समिक्षा ठकुरीलाई वारदात स्थल घरमा नै प्रतिवादिहरुको संलग्नतामा मिति २०७५।३।१० मध्ये रातमा मट्टीतेल छर्किई आगो लगाई दिएकोमा सोही चोट पिरले निज समिक्षा ठकुरीको उपचारको क्रममा मिति २०७५।३।२० गते मृत्यु भएको देखिंदा प्रतिवादीहरु मध्ये हरिमाया ठकुरी, अमृता भन्ने शोभा कुमारी राना र तेज बहादुर ठकुरीलाई मुलुकी ऐन, ज्यान सम्वन्धी महलको १ र १३ (३) नं को कसूर अपराधमा ऐ. को १३(३) नं बमोजिम सजाय गरी पाउन एवं प्रतिवादी मधु खासुलाई ऐ. १ र १७(३) नं बमोजिम कसूर अपराधमा ऐ. १७(३) नं. बमोजिम सजाय गरीपाउँ भन्ने अभियोग पत्र पेश भएकोमा रुपन्देही जिल्ला अदालतले प्रतिवादी हरिमाया ठकुरीलाई जन्म कैदको सजाय गरी अन्य प्रतिवादीहरुलाई आरोपित कसूरबाट सफाई दिई मिति २०७६।०८।१९ मा फैसला गरेको पाइन्छ। उक्त फैसलामा चित्त नबुझी वादी नेपाल सरकारले सफाई पाएका प्रतिवादीहरुका हकमा र अभियोग ठहर भएकी हरिमाया ठकुरीले आफू निर्दोष रहेकोले सुरु फैसला उल्टी गरी सफाई पाउँ भनी यस अदालतमा पुनरावेदन गरेको पाइयो।

५०. उपरोक्त वमोजिमको तथ्य, सुरु अदालतको फैसला, वादी प्रतिवादीको पुनरावेदन जिकिर र दुवै तर्फका विद्वान कानून व्यवसायीहरुको वहस भएको प्रस्तुत मुद्दामा सुरु अदालतवाट भएको फैसला मिले नमिले के हो ? वादी नेपाल सरकार र प्रतिवादी हरिमाया ठकुरीको पुनरावेदन जिकिर पुग्न सक्छ सक्दैन ? भन्ने सम्वन्धमा निर्णय दिनु पर्ने देखियो।

५१. निर्णयतर्फ विचार गर्दा, मिसिल संलग्न जाहेरी द्रखास्त, घटना स्थल प्रकृति मुचुल्का, मृतकको पोस्टमार्टम रिपोर्ट, वरामद तरल ज्वलनशील पदार्थ भएको विशेज्ञको प्रतिवेदन, प्रतिवादीहरुको वयान बेहोरा समेतका मिसिल संलग्न कागज प्रमाणबाट समिक्षा ठकुरीको मृत्यु कालगतिले नभई मट्टीतेल खन्याई आगो लगाई घाइते बनाई दिएकोमा सोही पिरले उपचारका क्रममा मृत्यु भएको देखिदा निजको मृत्यु कर्तव्यबाट भएको कुरा निर्विवाद रुपमा पुष्टि भैरहेकोले यस सम्वन्धमा विवेचना गर्नु पर्ने अवस्था पाइएन।

५२. सुरु अदालतबाट सफाई दिएका प्रतिवादीहरुका हकमा वादी नेपाल सरकारले दिएको पुनरावेदन जिकिरलाई हेर्दा, प्रतिवादीहरु उपर जाहेरवालीले किटानी जाहेरी दिएको पाइन्छ। साथै प्रतिवादीहरुले छोरी समिक्षा प्रतिवादी तेज बहादुर ठकुरी र हरिमाया

ठकुरीको जिम्मामा रहेकोमा निजलाई अंश दिनु पर्छ भनी कुटपीट गर्ने, घर छाडी जा नत्र मारी दिन्छौ भनी धम्काउने गरेकोमा मिति २०७५।०३।१० गते राती छोरी सुतिरहेको अवस्थामा प्रतिवादीहरुको पूर्व योजना अनुसार  मट्टीतेल खन्याई आगो लगाई उपचारको क्रममा मृत्यु भएकोले कारवाही गरी पाउँ भन्ने जाहेरी बेहोरा पाइन्छ। यातना दिने गरेको कुरा निज मृतकले इलाका प्रहरी कार्यालयमा दिएको मिती २०७५।१।१९ को निवेदनबाट समेत पुष्टि भएको भन्ने समेत पाइन्छ। उक्त जाहेरीको प्रमाणिक मूल्य (evidentiary value) कति छ भन्ने कुरालाई विश्लेषण गर्दा यी जाहेरीवाली प्रतिवादी तेज बहादुर ठकुरीको पूर्व पत्नी रहेकी र मृतक समिक्षा निजको कोखबाट जन्मिएकी छोरी रहेकी पाइन्छ। यी जाहेरवालीले पहिले नै लोग्ने र छोरी समिक्षासमेतलाई छाडी अर्को विवाह गरेको देखिन्छ भने वारदात मिति र समयमा निज वारदात भएको स्थान वा सेरोफेरोमा नरहेको स्पष्ट छ। प्रतिवादीहरुले पूर्व योजना अनुसार रातको समयमा निदाएको समयमा मट्टितेल खन्याएको भन्ने कुरा निजले व्यक्त गरे पनि अनुसन्धान तहकिकातबाट कहाँ, को-को भई के कस्तो योजना बनाएको भन्ने युक्ति युक्त रुपले खुल्न आएको पाइदैन भने निज जाहेरीवालीलाई बकपत्रको लागी मिति २०७६।२।१६ र २०७६।८।९ को आदेशले उपस्थित गराउन वादी पक्षलाई आदेश अनुसार पत्रचार गरिएकोमा निज उपस्थित भई अदालतमा जाहेरी बेहोरा समर्थन गरी वकपत्र गर्न सकेको पाइदैन।अर्कोतर्फ यी जाहेरीवाली प्रस्तुत घटना वारदातको प्रत्यक्षदर्शी (eye witness) र प्रत्यक्ष सुनिजान्ने (direct hearer witness) समेत रहेको अवस्था छैन। छोरीलाई मट्टीलेल खन्याई आगो लगाई घाइते बनाएकोमा मृत्यु भएकोमा स्वयं आफैले आवेगमा आई प्रतिवादीहरु उपर जाहेरी दिएको अवस्था पाइन्छ। प्रमाण ऐन, २०३१ को दफा १८ ले माया थापाको यस्तो जाहेरी निर्णायक प्रमाण (conclusive evidence) का रुपमा ग्रहण गर्न सक्ने अवस्था पाइदैन।

५३. प्रतिवादी तेज बहादुर ठकुरीले छोरीलाई कुटपीट गरेकोमा इलाका प्रहरी कार्यालय रुद्रपुरमा समिक्षाले निवेदन दिएकोले निजलाई मट्टितेल खन्याई आगो लगाई हत्या गरेको भन्ने अभियोग तथा पुनरावेदन जिकिर छ त्यसतर्फ विचार गर्दा, आफ्नो सन्तानलाई रक्षा, शिक्षाको लागी कुटपीट वा सम्झाउने बुझाउने गरेको हुनसक्छ। यो अस्वभाविक कार्य होइन। यसरी बुवा आमा वा संरक्षकले रक्षा शिक्षा आदिको

लागि कार्य गरेकोले जघन्य कसूर गरेको भनी ठहर गर्न र सजाय निर्धारण गर्न कति न्यायोचित होला? कदाचित नहोला। प्रतिवादीहरुले मट्टितेल खन्याएको, आगो लगाएको तथ्य वस्तुगत सवुत प्रमाणबाट स्थापित हुन आवश्यक छ। हामीले अपनाएको फौजदारी न्याय प्रणाली अनुमान र शंकामा विश्वाश गर्ने प्रणाली होइन।

५४. अर्को जिकिर तर्फ विचार गर्दा, प्रतिवादीहरुले मौका र अदालतमा इन्कारी वयान गरेतापनि प्रतिवादीले प्रहरीमा खवर नगर्नु, जाहेरी नदिनु, समिक्षाको मृत्युपछि पनि घटना कसले घटाएको एकिन भएपछि जाहेरी दिने कुरा व्यक्त गरी लाश बुझ्ने निवेदन मात्र दिनुले प्रतिवादी तेज बहादुर ठकुरीको संलग्नता छ भन्ने पाइन्छ। उपरोक्त कथनले केही आशंका त गर्न सकिएला तथापी छोरी घाइते अवस्थामा फेला पारेपछि उपचारका लागी तत्काल स्थानीय नृङ्गेश्वर मेडिकल हल, त्यसपछि क्रमश अञ्चल अस्पताल, पाल्पा मिसन अस्पताल हुदै किर्तिपूर मोडेल अस्पतालमा पुऱ्याई बचाउने तर्फ लागेको अवस्था पनि त देखिन्छ। परिवारको कुनै सदस्य संरक्षक वा सन्तान जो होस् त्यस्तो विक्षिप्त अवस्थामा पुगेको विरामीको स्वास्थ्य उपचार तर्फ लाग्ने वा प्रहरिमा घटनाको जाहेरी दिने तर्फ लाग्ने? कुन विषयले प्रथमिकता (preference) पाउला भनेर आम मानिसको विवेक वा समझ (general prudence) तर्फ दृष्टिगोचर गर्दा मानवीय हिसावले (humanitarian ground) यस स्थितिमा पहिलो पक्षलाई प्रथमिकता दिनुपर्छ।अर्कोतर्फ मनसाय प्रेरित ज्यान जस्तो जघन्य अपराधमा सजाय गर्न यस्ता कुरा मुख्य प्रमाण (principal evidence) हुन सक्लान? यस्तो स्थितिमा हुन सक्छ; जस्तो सवुत प्रमाणबाट निजले मट्टितेल खन्याई आगो लगाएको स्थापित भएकोमा निज प्रतिवादी तेज वहादुरले मौकामा प्रहरीलाई खबर नगरेको आदि कुराले सहायक प्रमाण (accessory evidence) को स्थान लिन सक्छ होला। जवकी यहाँ वारदात प्रतिवादीले घटाएको भन्ने भन्ने कुरा स्थापित गर्ने प्रमाण अनुसन्धान पक्षबाट संकलन गर्न सकेको अवस्था पाइदैंन।

५५. मौकामा कागज गर्ने भनिएका मध्ये भक्त बहादुर थापा, युवराज नेपाली, प्रेम बहादुर थापा, रीया मगर र मिलन थापा लगायतका व्यक्तिहरु अदालतमा आई बकपत्र गरेको अवस्था पाइदैन।वादी नेपाल सरकारका तर्फका सीता थापा, लक्ष्मी लामिछाने, गौरा थापा, रचना बुढाथोकी, यम कुमारी पुन, लालुमाया पुन, नुम बहादुर थापा, समर बहादुर थापा समेतका साक्षीहरुको बकपत्र बेहोरा अध्ययन गरी विश्लेषण

गर्दा निजहरु कसैले सुनिपाएको र कसैले पछि घर जाँदा थाहा पाएको भन्ने पाइन्छ। वारदातको सम्वन्धमा प्रत्यक्ष रुपले देखी वा सुनी थाहा पाएको भन्ने अवस्था पाइदैन। यी सबै सुनी सुनाई साक्षीको रुपमा रहेको अवस्था पाइन्छ।

५६. प्रतिवादी तेज बहादुर ठकुरीले अनुसन्धान अधिकृत र अदालत समक्ष बयान गर्दा, आरोपित कसूरमा इन्कार रही आफूले माया थापालाइ (जाहेरवाली) पहिले विवाह गरेकोमा छोरी जन्मी २ वर्षकी भए पछि माईती गई बसेकीमा त्यहीबाट दोस्रो विवाह गरी गएकी हुन्, छोरी समिक्षालाई मैले ल्याई आएको हो। मिति २०७५।३।९ गते घरमा रोपाई भएकोले बहिनी शोभा कुमारी राना आएकी, छोरी दिउँसो घरमा नभएको साँझमा आएकोले सँगै खाना खाएको, राती सुतेको ठाउँबाट ड्याडी ड्याडी भनेर कराएपछि म उठेर गल्लीमा जाँदा समिक्षाको शरीरमा आगो लागिरहेको, आमा र बहिनीले निभाउन थालेको देखी मैले धारामा गई पानी ल्याई हाली निभाई अटोमा उपचारको लागी स्थानीय मेडिकल हुँदै बुटवल जाने क्रममा क्षमालाई बोलाई दिनु भनी छोरीले भनेकोले छोरी तिमीलाई कसले यस्तो गरेको भन्दा तपाईको र मेरो दुश्मन हुन्, निको भएपछि भनौला भनेकिमा पाल्पामा समेत उपचार हुन नसकी काठमाण्डौ लगेको हो। छोरीले एकपटक म उपर प्रहरीमा उजुर गरेकी समेत हुन्। मैले छोरीलाई योजना बनाई आगो लगाउने कार्य गरेको होइन भनी बेहोरा लेखाएको पाइन्छ। उक्त इन्कारी वयानलाई खण्डित गर्ने कुनै सवुत प्रमाण वादी पक्षबाट पेश भएको अवस्था पाइदैन। समिक्षाले बावुले कुटपीट गरेको भनी निजउपर मिति २०७५।१।१९ मा दिएकोले सो रिसइवी साधन यी प्रतिवादीले मट्टीतेल खन्याई छोरीलाई आगो लगाएको भनी कसूरदार घोषणा गर्ने आधार कति भरपर्दो, विश्वस्त र न्यायपूर्ण होला? स्वभावैले न्यायोचित हुने देखिदैन।

५७. प्रतिवादी मध्ये अमृता भन्ने शोभा कुमारी राना अधिकार प्राप्त अधिकारी र अदालतमा वयान गर्दा समेत आरोपित कसूरमा इन्कार रही मिति २०७५।३।९ गते माईतीमा रोपाई भएकोले सघाउन गएकोमा समिक्षा नरहेकीमा रोपाईको काम गरी बेलुका घर फर्की हामीले खाना खायौ, आमा र बाबाले केही रक्सी खानु भयो। समिक्षा राती घर आएपछि कहाँ गएकी भनी सोधनी गर्दा साथीकोमा गएकी भनी बताएकी, निज वरण्डामा मोवाइल चलाईरहेकोमा आमा र म सुतेकोमा राती हामी सुतेको कोठा अगाडी गल्लीमा समिक्षा चिच्याएको सुनी जाँदा निजको शरीरमा आगो बली रहेको देखी आमाले लुङ्गीले र मैले कपडाको टालोले छोपी दिएको, समिक्षाले ड्याडी ड्याडी

भनी कराएपछि दाइ पनि आई पानी ल्याई खन्याइ आगो निभेपछि उपचारको लागी लगेकोमा उपचारकै क्रममा मृत्यु भएको हो। आमाले आगो लगाएको भनेर कसरी भनिन् मलाई थाहा छैन, आमा र म सँगै सुतेको हो, मैले आगो लगाएको होइन भनी आरोपित कसूरमा इन्कार रही वयान गरेको पाइन्छ। यी प्रतिवादी आफ्नो माईतीमा रोपाई रहेको कारण सर सहयोगको लागी दिनभर काम गरी थाकेकोले साँझ खाना खाई सुतेकोमा राती एक्कासी भदैनी चिच्याएको थाहा पाएर आगो समेत निभाउन सहयोग गरी अटो बोलाई उपचार गर्न पठाएको भन्ने पाइन्छ। विवाह भई माईती घरमा गाह्रो साह्रो पर्दा वा चाडवाडमा आएका चेलीलाई विना प्रमाण छोरी लोग्ने छोडी गएकी जाहेरवालीले योजना बनाएको भनि हचुवामा दिएको जाहेरीका आधारमा कर्तव्य ज्यान जस्तो मुद्दामा मुछेका भरमा अदालतले अनुमान र शंकाका आधारमा कसूरदार ठहर गर्न सक्ने अवस्था कदाचित मनासिव हुने पाइदैन।

५८. अर्कोतर्फ, प्रतिवादी मधु खासुलाई अभियोगमा समिक्षाको हत्या गर्ने षडयन्त्रमा रहेको भनि सजायको माग रहेकोले पाएको म्यादमा उपस्थित भई अदालतमा वयान गर्दा घटना घटेको दिन मिति २०७५।३।१० मा वारदात स्थलमा वा माइतीमा नरही आफ्नै घरमा रहेकीमा भोलिपल्ट माईती घरबाट बुवाले फोन गरेबाट थाहा पाएकोले बुटवल अस्पतालमा गई कसरी यस्तो भयो भनेर भदैनीलाई सोधेकोमा बुवाको शत्रुहरुले गरेका हुन् ,मलाई सन्चो भएपछि बताउँछु भनेकी हुन्, मेरो निजसँग राम्रो सम्वन्ध थियो ।को कसले कसरी घटना घटाए मलाई थाहा छैन, मेरो मिलोमतो केही छैन, मृतकलाई कुटपीट गरेको छैन, कुनै योजना बनाएको होइन।म उपरको जाहेरी झुठ्ठा हो, म निर्दोष छु सफाई पाउँ भनी आरोपित कसूरमा इन्कार रही वयान गरेको पाइन्छ।यी प्रतिवादी वारदातका दिन र समयमा आफ्नो माइती घरमा नरही बुटवलको आफ्नो घरको चुलो चौकोमा रहेकी अवस्थामा षडयन्त्र गरेको भनि मुलुकी ऐनज्यान सम्वन्धी महलको १७(३) बमोजिम सजायको मागदावी लिएको पाइन्छ।यी प्रतिवादीले भदैनी मृतक समिक्षाको हत्या गर्न कस्तो षडयन्त्र, कहिले, कहाँ, को, को भई गरेको हो अनुसन्धान तहकिकातबाट खुल्न आउँदैन। आफ्नो विवाहित घर छोडी अर्को विवाह गरेर गएको जाहेरवाली माया थापाले प्रतिवादी तेज बहादुर ठकुरी र निजका नाता गोता प्रति राम्रो सोच (good faith) नराख्ने रिसइवी राख्ने व्यक्ति (interested witness) को रुपमा चित्रण गर्न नसकिने पनि होइन। त्यस्तो व्यक्तिले दिएको जाहेरी यथार्थ के हो सत्य तथ्य उजागर गर्न नसकि

अनुसन्धान र अभियोजन पक्षले शंकाको भरमा यी प्रतिवादी उपर अभियोग लगाएको स्पष्ट देखियो। यस्तो अभियोगका आधारमा प्रतिवादीलाई दोषी करार गर्न सक्ने अवस्था किमार्थ सम्भव देखिदैन।

५९. जहाँ सम्म समिक्षा ठकुरीलाई घरमा हेला होचो गर्ने, बाबु, हजुरआमा, फूपुहरुले यातना दिने गरेको, कापी कलम स्कूलको शुल्क नतिर्ने गरेबाट अंश मागेकोमा अंश नदिने घरबाट निस्केर जान धम्की दिएको र निज समिक्षा घरबाट ननिस्केको कारण योजना बनाई हत्या गरेको भन्ने सरकारी न्यायाधीवक्ताको पुनरावेदन जिकिर तथा बहस नोट छ। त्यसैगरि मट्टितेल समेतका पदार्थ र सामानहरु घर कै हुन् भन्ने कुरा प्रतिवादीहरुको सहमती छ। एकाघरमा रहेकी समिक्षाको मट्टितेल छर्केर आगो लगाएको कारण मृत्यु भएको छ। यो परिवार भन्दा बाहिरको अर्को कुनै व्यक्तिको संलग्नता छैन भने मृतकको मृत्यु सम्वन्धमा उक्त परिवारका व्यक्तिहरु नै उत्तरदायी हुनुपर्छ भन्ने समेत तर्क छ। मृतकको हजुरबा डोरन बहादुर ठकुरीको अदालतको बकपत्रबाट मृतक समिक्षा मोवाइल हेरीरहने, घरमा काम नगर्ने, घरमा नबस्ने, गाउँमा डुल्ने, भनेको नमान्ने, जिद्दी स्वभावकी रहेकी भन्ने समेतमा समग्र परिस्थितिले समिक्षाको हत्या प्रतिवादीहरुले गरेको भन्ने समेतका जिकिर पाइन्छ। यस जिकिर सम्वन्धमा विचार गर्दा उपरोक्त कुरा परिस्थिति जन्य प्रमाण (circumstantial evidence) हुन होइनन् भन्ने तर्फ विचार गर्दा प्रमाणको कानूनमा उक्ति पाइन्छ "Man telling a lie while circumstance never tell a lie " भन्ने पाइन्छ। परिस्थितिजन्य प्रमाण भनेको प्रत्यक्ष प्रमाण नभई अप्रत्यक्ष प्रमाण हो । मृतकलाई मट्टितेल छर्किएर आगो लगाएको देख्ने प्रत्यक्षदर्शी साक्षीको अभाव छ। जुन समिक्षा चिच्याएर ड्याडी ड्याडी भनेकी छन त्यस वखत मट्टितेलको भाडो लिएर वा नलिई भागी रहेको अवस्थामा कुनै व्यक्ति वा यी प्रतिवादीहरु एक वा सो भन्दा वढि फेला पारेकोमा त्यस्तो फेला पार्ने वा त्यस्तो अवस्थामा भागेको देख्ने व्यक्तिले अनुसन्धान अधिकृत समक्ष आफ्नो बेहोरा लेखाएको र अदालतमा सो व्यहोरा समर्थन गरी बकपत्र गरी दिएको भए त्यस्तो भनाईले परिस्थितिजन्य प्रमाणको मापदण्ड पुरा गरेको मानिन्छ। यस्तो परिस्थतिजन्य प्रमाण अभियोग दावी समर्थन वा खण्डन गर्न कारगर सावित हुने कुरा सन्देह हुँदैन। प्रस्तुत मुद्दामा ड्याडी ड्याडी भनेर मृतकले कराउँदा प्रतिवादीद्वय हरिमाया ठकुर्नी र अमृता भन्ने शोभा कुमारी रानाले आगो निभाईरहेको कुरा तेज बहादुर ठकुरीले देखेको भनि वयानमा उल्लेख छ। प्रतिवादी तेज बहादुर

ठकुरीले समेत पानी ल्याएर छोरीलाई खन्याई आगो निभाएपछि उपचारको लागी लगेको पाइन्छ। हजुरआमा, फूपुले समेत यातना दिने गरेको भन्ने कुरा पनि कुनै मिसिल संलग्न कागजबाट स्थापित छैन।प्रहरी चौकीमा समिक्षाले मिति २०७५।१।१९ मा दिएको निवेदन केवल बावु प्रतिवादी तेज बहादुर ठकुरी उपर केन्द्रीत छ। परिवारका सदस्य बीच यस्ता झिना मसिना विवादहरु यदाकदा हुने कुरा स्वभाविक हो। विगतमा यस्ता कुरा भएका थिए भनि विवाद भएका मध्ये कसैको ज्यान अस्वभाविक रुपले गएको घटनामा शंकाको स्थान त रहला। तर कसूरदार ठहर गर्ने निर्णायिक प्रमाण हुन सक्ने अवस्था पाइंदैन। यसर्थ प्रतिवादीत्रय तेज बहादुर ठकुरी, अमृता भन्ने शोभा कुमारी राना र मधु खासुलाई सफाई दिने सुरुको फैसलामा कानूनी त्रुटि देखिन नआएकोले परिवर्तन हुने अवस्थाको विद्यमानता पाइएन।

६०. अव, पुनरावेदक प्रतिवादी हरिमाया ठकुरीको पुनरावेदन जिकिर पुग्न सक्छ सक्दैन भन्ने सम्वन्धमा विचार गर्दा, यी पुनरावेदक प्रतिवादी अनुसन्धान अधिकृत र अदातल समक्ष वयान गर्दा आरोपित कसूरमा इन्कार रही वयान गरेकी छन्। निजको वयान बेहोरालाई हेर्दा, मिति २०७५।३।९। गते रोपाईको दिन भएकोले अमृता सहयोग गर्न आएकी, अरु ४ जना खेताला भई खेतमा काम गर्न गएकोमा समिक्षा(नातिनी) सुती रहेकोले खेतमा रोपाई छ नानी उठ भनि बोलाएकोमा टाउको दुखेको छ भनि सुतिरहेकीमा बिहान ९ बजेतिर साइकल लिएर वेपत्ता भएकी, हामीहरु रोपाई सकेर बेलुका घर फर्किएर म र पति डोरन बहादुरले थोरै थोरै रक्सी खाई सकेपछि म र अमृता एउटा कोठामा सुत्न गएकोमा समीक्षा राती ढिलो गरी आई मोवाइल चलाई रहेकी थिई। हामीहरु दिन भरीको थकाईले सुतेकोमा एक्कासी हामी सुतेको कोठाको ठीक अगाडी घरको गल्लीमा नातिनी समिक्षा चिच्याएको आवाज सुनेपछि उक्त स्थानमा जाँदा निजको शरीरमा परालको आगो जस्तो आगो बलेको देखेपछि मेरो लुङ्गीले आगो छोपीदिए भने अमृताले के कुन कपडाले आगो छोपिदिएकी र समिक्षाले ड्याडी ड्याडी भनि कराएपछि छोरा तेज बहादुर कुदेर आई नल्कामा गई ग्यालेनमा पानी ल्याएर नातिनीको शरीरमा हालेपछि आगो निभेपछि गाउँका मानिस, मेरो पति डोरन बहादुर ठकुरी आई छिमेकी गाउँको युवराज नेपालीको अटो बोलाई उपचारको लागी मेडिकल, बुटवल अस्पताल, मिसन अस्पताल हुँदै काठमाण्डौमा उपचारको लागी लगेकोमा मृत्यु भएको हो। घटना हुँदा मेरी छोरी मधु खासु आफ्नै

घर बुटवलमा रहेकी, छोरी शोभा मेरो कोठामा सुतेकी, छोरा, पति डोरन बहादुर हामीले आगो निभाउदै गर्दा उठेको हुँदा जाहेरीमा उल्लेख भए अनुसार निज नातिनीलाई म लगायत कसैले आगो लगाएको होइन भनि बेहोरा लेखाएको पाइन्छ। उक्त इन्कारी बयान निज समेतका साक्षी अञ्जना ठकुरीको बकपत्रबाट समर्थित भएको पाइन्छ।

६१. प्रतिवादी हरिमाया ठकुर्नीको पुनरावेदन जिकिर हेर्दा मेरो साक्षीको वयानलाई अनदेखा वेवास्ता गरी मृतकको सानी आमा रचना बुढाथोकीको बकपत्रलाई आधार मानी गरेको फैसला त्रुटिपूर्ण छ भन्ने तर्फ विचार गर्दा प्रतिवादीको साक्षी अञ्जना ठकुरीले लुम्बिनी अञ्चल अस्पतालमा उपचारको क्रममा रहेकी समिक्षालाई के कसरी घटना भएको भनि सोधनी गर्दा रातीको १० बजेतिर मोवाइल चलाई बसेको अवस्थामा २ जना केटा आई आइज भनि बोलाउँदा आउदिन फूपुलाई भन्दिन्छु भन्दा पख तँलाई भनि गएकोमा ती केटाहरुलाई चिन्दिन आवाजले मात्र चिन्दछु भनेको, राती निदाएको अवस्थामा मट्टितेल र आगो झ्यालबाट फाली दिएकोमा चापाकलमा गई आगो निभाउन खोज्दा निभाउन नसकेकोले गल्लीमा आई चिच्याएको भन्ने कुरा व्यक्त गरेको पाइन्छ। उक्त कुरा मिसिल संलग्न अन्य कागज प्रमाणहरुबाट खुलेको अवस्था छैन।

६२. सुरु अदालतबाट प्रतिवादी हरिमाया ठकुरीलाई कसूरदार ठहर गर्दा लिएको प्रमुख आधारमा समिक्षाको सानी आमा रचना बुढाथोकीले (बुढामगर) मिति २०७५।३।३२ मा अनुसन्धानको क्रममा गरेको कागज र अदालतमा मिति २०७६।३।२३ मा गरेको बकपत्र बेहोरालाइ टेकेको पाइन्छ। निजको अनुसन्धान अधिकृत समक्ष भएको कागज बेहोरालाई अध्ययन गर्दा आफूले पाल्पाको मिसन अस्पतालमा सोधनी गर्दा निजले नबताएकी घरपरिवारका मानिसहरुलाई हेर्ने गरेकोमा सो अस्पतालमा उपचार हुन नसकी काठमाण्डौ लिएर गएपछि तेज बहादुर ठकुरीले तिमीलाई आगो लगाउने केटाहरु को हो भन म रेकर्ड गर्छु भनेकोमा समिक्षा केही नबोलेकोले निज तेज बहादुर बाहिर निस्किए पछि समिक्षा मात्रै भएको समय पारी यथार्थ कुरा राम्रो सँग भन्ने पर्छ भनि सोध्दा निजले घरको हजुरआमाले गरेको भनि कसरी भन्ने, हजुर आमाले नै गरेको, कोही बाहिरी केटाहरुले गरेको होइन भनि बताएकोमा निजको उपचारको क्रममा मिति २०७५।३।२० मा मृत्यु भएकोले घरकै मट्टितेल, एउटा गिलास र रक्सीको बोतल समेत फेला परेकोले हरिमाया

ठकुर्नी समेतको संलग्नतामा राती निदाएको मौका पारी मट्टितेल छर्की आगो लगाई कर्तव्य गरी मारेकोमा विश्वाश लाग्छ भनि लेखाएकीमा निजको अदालतको बकपत्र हेर्दा समिक्षा ठकुरीका फुपुहरु मधु खासु, अमृता, बज्यै हरिमाया ठकुर्नी, बाजे डोरन बहादुर ठकुरी, बावु तेज बहादुर ठकुरी, फुपुको छोरा नाम थाहा नभएको सहित समिक्षाको कान्छी आमाको छोरा समेतको मिलोमतोमा मस्त निदाएको बेलामा शरीरमा मट्टितेल खन्याई उठ्न खोज्दा टाउकोमा बोतलले हानी बेहोस बनाई आगो लगाई जलाई घाइते वनाएकोमा उपचारको क्रममा मृत्यु भएको हो। मलाई हजुरआमाले मट्टितेल छर्किएर आगो लगाएको कुरा किर्तिपूरको हस्पिटलमा रहेको वखत अपरेसनको पहिलो रात बताएकी थिइन्। भेन्टिलेटरमा राखेकोले इसाराले बताउने क्रममा बताइन्, अनी मैले नानीको इसारा नबुझे पछि भेन्टिलेटर निकाल्न भनेकोमा नर्सले निकाल्न मिल्दैन भन्नु भयो। तिमीले भन्न खोजेको कुरा यो कपीमा लेख भनी नर्ससँग कापीको पाना र डट मागेर दिएकोमा नानीले लेख्न सक्ने अवस्था थिएन, उनले कापीमा एउटा धर्को मात्र कोरेकी थिइन। अरु केही कुरा बताउन सकिनन् भनि वकि लेखाई दिएको पाइन्छ। उक्त प्रहरीमा भएको कागज र बकपत्रमा कति समानता र असमानता छ सहजै अनुमान गर्न सकिन्छ। उक्त भनाई मृतक समिक्षाले कुन मितिमा यी रचनालाई बताएकी हुन् खुल्न आउँदैन। निजको वकपत्रमा मृतकलाई प्रतिवादीहरुले बोतलले टाउकोमा हानी बेहोस बनाएको भनेता पनि निज चिच्याएको बाबु समेतले थाहा पाएको भन्ने देखिन्छ भने postmortem report बाट scalp & skull free from injuries भन्ने पाइन्छ। प्रहरीमा कागज गर्दा प्रतिवादी हरिमाया सम्मको नाम लिएकोमा अदालतमा बकपत्र गर्दा आधा दर्जन भन्दा बढी व्यक्तिको संलग्नता देखाइएको छ। निज कै बकपत्र अनुसार अप्रेसन पछि भेन्टिलेटरमा राखेको भनिएको छ भने अपरेसनको पहिलो रातमा आफूलाई सो कुरा बताएको भन्दै इसाराले बताएकोले नबुझेकोले भेन्टिलेटर समेत हटाउन भन्दा नर्सले नमानेको र डट, कागज दिदा लेख्न नसकी केवल एक धर्को तानेकी भनेर लेखाएकी अवस्थाको कथनलाई कुन हैसियतको प्रमाणमा ग्रहण गर्ने? प्रत्यक्ष वा अप्रत्यक्ष भन्न सक्ने अवस्था छैन। यस्तो प्रमाण जघन्य अपराधको निर्णायक प्रमाण हुन सक्छ ? हुन सक्ने देखिदैन। यस्तो प्रमाणको आधारमा सजाय गर्दा न्याय पर्ला ? सुनिश्चित हुन सक्ने अवस्था नै छैन। हाम्रो फौजदारी न्याय प्रणालीले स्वीकार गर्ला? हाम्रो कानून प्रणाली स्वतन्त्र प्रमाणको अपेक्षा गरेको छ। यी रचना बुढाथोकी

(बुढामगर) आफ्नो दिदी माया थापाको पूर्व सासु, लोग्ने र नन्द वा आमाजुको विरुद्ध बोलीरहेकी छन्। यी प्रत्यक्ष दर्शी पनि होइनन्।

६३. यी रचना बुढाथोकी (बुढामगर) को कथनलाई अनुसन्धानको क्रममा कागज गर्ने लक्ष्मी लामिछाने, गौरा थापा, यम कुमारी पुन समेतको कागज व्यहोरालाई केलाउनु पर्ने हुन आउँछ। उपरोक्त व्यक्तिहरुको समक्ष प्रतिवादी तेज बहादुर ठकुरीले समिक्षा ठकुरीलाई छोरी तिमिलाई कसले आगो लगायो भनेर पटक पटक सोधेको भन्ने देखिन आउँछ। तथापि समिक्षाले कसैको नाम लिएको अवस्था छैन। प्रतिवादी तेज बहादुरले अटोमा मेडिकल पसल लाने क्रममा, मेडिकल पसल, बुटवल अञ्चल अस्पताल, मिसन अस्पताल पाल्पा र काठमाण्डौ अस्पतालमा समेत उक्त प्रश्न समिक्षालाई राख्दा उत्तर नदिएको, कहिले पछि ठीक भएपछि भन्छु भनेको, कहिले तपाईको र मेरो शत्रु एउटै हो पछि भन्छु भन्ने जस्ता जवाफ दिएको भन्ने पाइन्छ। तथापि निज समिक्षाले कसै उपर पोल गरेको अवस्था छैन। मिसिल संलग्न लुम्बिनी अञ्चल अस्पताल, मिसन अस्पतालका कागजहरुबाट Burn injury उल्लेख भएको बाहेक अन्य कुरा पाइदैन। यसै गरी किर्तिपूर अस्पताल २०१९।१०।१८ को पत्र बाट प्राप्त case history मा पनि "pouring kerosene by unknown person" भन्ने उल्लेख भएको पाइन्छ। यस स्थितिमा केवल रचना बुढाथोकी (बुढामगर) लाई समिक्षाले भनि होला भन्ने कुरा शंकास्पद छ। यी रचना वुढाथोकी(वुढामगर)ले निहित भावनाले प्रेरित वा रिसाएकी साक्षी (interested witness) का रुपमा पनि अनुमान गर्न सकिन्छ ।

६४. अर्कोतर्फ,अभियोजन पक्षले रचनाको कथनलाइ कुन प्रमाणको रुपमा लिन अदालतमा जिकिर लिएको हो स्पष्ट छैन। रचनाले गरेको कागज र वकपत्रको हवला दिएर पटक पटक निजको नाम उच्चारण अभियोजन पक्षले प्राथमिकतासाथ गरेपनि निज प्रत्यक्षदर्शी वा प्रत्यक्ष रुपमा सुन्ने थाहा पाउने साक्षी होइन। एक छिनलाई निजको भनाई Dying Declaration हो कि भन्ने तर्फ विवेचना गर्न लाग्दा प्रमाण कानूनको उक्ति पाइन्छ **“मर्ने बेलाको मानिसको ओठमा सत्यको बास हुन्छ”**( "Truth live upon lips of dying moment of man") । सिद्धान्त: मृत्युकालीन घोषणा गर्ने व्यक्तिले निजले स्वेच्छाले र असल नियतले घोषणा गरेको हुनुपर्छ, घोषणा गर्दा निज सचेत अवस्थामा हुनुपर्छ र निजको निको हुने आशा नभएको हुनुपर्छ। **(Believed that there is no hope of recovery, voluntarily & in good faith, while declarent was conscious of the declarant impending death)**।यसैगरी Dying Declaration

निश्चित यही व्यक्तिले अभिलेख गरेको हुनु पर्छ भन्ने कडा नियम (hard & fast rule) त देखिदैंन। तथापि शंकाको निवारणार्थ अनुसन्धान अधिकारी वा चिकित्सकले गरेको भर पर्दो र विश्वसनीय हुने प्रमाण कानूनको (**Dying declaration, it is not mandatorily required to be recorded by only investigation authority a particular person. However, it is normally accepted that such declaration would be recovered by investigation officer or by doctor to eliminate chances of any doubt false implication** ) कानूनको मान्यता रहेको छ। निज रचना वुढाथोकीले मृतकको भनाई अभिलेख गरेको अवस्था होइन। जेहोस् रचना बुढाथोकीको कथन मृत्युकालीन घोषणा नभएकोले प्रमाण ऐन,२०३१को दफा ११ मा लीपिबद्ध प्रमाणको रुपमा ग्रहण गर्न मिलेन। रचना वुढाथोकीको भनाई पनि सुनी सुनाई प्रमाणको हैसियतमा रहेको छ। सुनी सुनाई प्रमाण प्रमाण होइन। (**Hear say evidence is not evidence**) भन्ने प्रमाण कानूनको सिद्धान्त रहेको पाइन्छ।

६५. सहायक न्यायाधिवक्ताले प्रतिवादी तेज बहादुर ठकुरीले प्रतिवादी हरिमायालाई पोल गरेको भनि बहसको क्रममा उठाएकोले निजको अधिकार प्राप्त अधिकारी समक्षको वयानलाई हेर्दा "छोरी चिच्याएको आवाज सुने पछि म उठ्दा आमा र बहिनीले कुनै हार गुहारको आवाज ननिकाली आगो निभाएजस्तो गरेको र छोरी समीक्षाले मर्नुभन्दा अघि सो कार्य हजुरआमा हरिमायाले गरेको हो भनि मसँग समेत भनेकी हुँदा उक्त आगो लगाउने कार्य आमा हरिमाया र मेरो बहिनी अमृताले गरेको हुनुपर्दछ।(स.ज.१०), छोरी समिक्षालाई बचाउन नसकी निजको मृत्यु भएपछि बुढी आमालाई बुढेसकालमा किन जेलमा हाल्ने र नातिनीलाई मारेको कुराले गाउँघरमा इज्जत जाने डरले वास्तविक घटना थाहा हुँदाहुँदै झुठो जाहेरी दिएको हुँदा कानून बमोजिम हुने सजाय भोग्न तयार छु। (स.ज.१२), मेरो आमा र बहिनीको मिलोमतो संलग्नतामा र सहयोगमा छोरी समिक्षाको शरीरमा मट्टितेलको प्रयोग गरी जलाउने कार्य गरेको हुनुपर्नेमा विश्वाश लाग्छ" भनि उल्लेख गरेको पाइन्छ। प्रतिवादी तेज बहादुरको वयान रचनाले कागज गरेको मिति २०७५।३।३२ को १५ दिनपछि मिति २०७५।३ १५ मा भएको अवस्था छ।प्र. तेज वहादुरले आफू कसूररमा सावित भइ आमा हरिमायालाइ पोल गरेको अवास्था होइन । अर्कोतर्फ अदालतको निज तेज बहादुरको वयानलाई हेर्दा "प्रहरी समक्षको उक्त वयान बेहोरा गलत हो, छोरीलाई आगो लागेको देखेर पनि आमा र बहिनीले हल्ला खल्ला नगर्नु भएको भनि बताएको सम्म हो, सो बाहेक प्रहरीमा भएको वयान बेहोरा ठीकै हो" भनि लेखाएको

पाइन्छ। अधिकार प्राप्त अधिकारी समक्ष प्रतिवादी तेज बहादुर ठकुरीले प्रतिवादी हरिमाया ठकुरीलाई पोल गरेको वयान अन्य स्वतन्त्र प्रमाणबाट समर्थित भएको छैन। अर्को तर्फ तेज बहादुरको अधिकार प्राप्त अधिकारी समक्ष भएको वयानमा आमा र बहिनीले गरेको विश्वास लाग्छ भनेको पाइन्छ। यो आत्मनिष्ट वा वैयक्तिक विश्वास मात्र हो। एक प्रतिवादीले अर्को प्रतिवादी उपर कसूर गरेको विश्वाश लाग्छ भन्नु शंका नै हो।अधिकार प्राप्त अधिकारी समक्षको पोल अन्य स्वतन्त्र प्रमाणबाट पुष्टि नभए सम्म सो प्रमाण निर्णायक हुन सक्दैन किनभने सम्वन्धित प्रतिवादीले आफ्नो तर्फबाट परीक्षण गर्न वा जिरह (cross examination ) गर्ने अवसर पाएको हुँदैन।

६६. फौजदारी मुद्दामा सजाय गर्न प्रतिवादीको अपराध गर्ने अपराधिक मनसाय (**mens-rea**), तयारी (**preparation**), षडयन्त्र (**conspiracy**) र अपराध वा कार्य (**Actus-reus**) प्रमाणित हुनुपर्छ। प्रस्तुत मुद्दामा समिक्षालाई प्रतिवादीले हत्या गर्ने इवि, लाग, मनसाय सम्म पुष्टि भएको देखिदैन। समिक्षाले अंश मागेको भन्ने कुरा हरिमाया ठकुर्नीको वयान लगायतको केही कागजमा उल्लेख भएको सम्म छ तथापि समिक्षाले अंशको विषयमा प्रथमिकता दिएर कडाइसाथ उठाएको भन्ने देखिदैंन।मिति २०७५।१।१९ गते प्रहरीमा दिएको उजुरीमा बावु तेज बहादुर ठकुरीले कुटपीट गरेकोले कारवाही गरीपाउँ भन्ने कुरामा सीमित रहेको पाइन्छ। यस निवेदन, अंश आदि आर्थिक पक्षमा मौन छ। यसरी अनुसन्धान तहकिकातबाट प्रतिवादीहरुको समिक्षाको हत्या गर्ने मनसायदेखि कार्यसम्म पुष्टि भएको छैन। प्रतिवादीहरुलाई कसूरदार ठहर गर्न निजहरुका कार्यहरु मालाकार कडी (chain of process) का रुपमा देखिन आवश्यक छ।मुलुकी ऐन,ज्यान सम्वन्धी महलको १३(३) नं.को सजाय गरीपाउँ भनि कसैको नाम विरुद्ध खण्डमा लेखिदिएका भरमा सजाय गर्न सकिने अवस्था छैन।यी प्रतिवादीहरुले समिक्षालाई हप्किदप्कि गरी घेरा हालि हात समाइ कुटपीट गरिरहेको अवस्थामा समिक्षाको शरीरमा मट्टितेल खन्याइ आगो लागेको कुरा खुलेको तथापि मट्टितेल खन्याउने र आगो लगाउने व्यक्ति नखुलेकोमा अभियोग सान्दर्भिक हुन सक्छ। जवकि सो कुरा नखुली दिनभर रोपाइको कामले थकित भएर सुतेका प्रतिवादीहरु एक्कासि समिक्षा चिच्याउँदा थाहा पाएर जाँदा समिक्षाको शरीरमा मट्टितेल खन्याएर आगो लगाएको थाहा पाएको भन्ने कुरा मात्र अनुसन्धानबाट उजागर भएको अवस्था पाइन्छ।यसरी समिक्षा ठकुरीलाइ मट्टितेल

छर्किने र आगो लगाउने व्यक्तिहरु अनुसन्धान अभयोजन पक्षबाट पहिचान नगरी अभयोगपत्र पेश गर्ने जुन कार्य भएको छ केवल झारा टार्ने सिवाय अरु केही देखिन आएन।

६७. प्रतिवादीहरुलाई दोषी करार गर्न निजहरुको अपराधिक कार्य शंकाविहीन तवरबाट पुष्टि हुनुपर्छ अन्यथा शंकाको सुविधा अभियुक्तले पाउने **( the guilty must be proved beyond the reasonable of doubt, otherwise, benefit of doubt goes to the accused)** फौजदारी न्यायको सिद्धान्त पाइन्छ।

६८. समिक्षाको फी तिर्न बाँकी रहेको, बाबुले कुटपीट गरेको, किशोरी अवस्थाकी चेलीलाई बाहिर नहिंड भनि अर्ति उपदेश दिएकोमा अटेर गरी प्रहरीमा उजुर दिएकी थिइन् भन्ने आधार बाबु, हजुरआमा र फूपुलाई जघन्य अपराधमा सजाय गर्ने प्रमाण र आधार हुन नसक्ने अवस्था स्पष्ट छ। अर्कोतर्फ हामीले अवलम्वन गरेको फौजदारी न्याय प्रणालीमा बरु दशजना अपराधी छुटुन् तर एक जना पनि निर्दोषले सजायको भागी हुन नपरोस्। **(it is better than ten guilty person escape than that one innocent suffer )**भन्ने पाइन्छ। यसलाई **William Blackstone Ratio** पनि भनिन्छ। अझै **Benjamin Franklin**ले भनेका छन **"it is better hundred guilty person should escape than that one innocent person should suffer"** (एक जना निर्दोष व्यक्ति दण्डित हुनु भन्दा एकसय जना दोषीहरु उम्किउन्)। यी उक्ति पनि फौजदारी न्यायका सिद्धान्तका रुपमा ग्रहण गरिदै आइएको छ।नेपालको संविधान र कानूनले समेत कानून प्रतिकूल काम नगरी सजाय नहुने प्रत्येक व्यक्तिलाई संरक्षणको प्रत्याभूति प्रदान गरेको पाइन्छ। तसर्थ, प्रतिवादी हरिमाया ठकुर्नी उपरको अभियोग शंकाविहीन तवरबाट पुष्टि नभएकोले सुरुबाट दोषी करार गरेको फैसला परिवर्तन योग्य देखिन आयो।

६९. प्रस्तुत मुद्दाको अनुसन्धानमा व्यापक कमजोरी देखिन आएको छ।यहाँ केही दृष्टान्त पस्किनु सान्दर्भिक हुने वेञ्चको ठम्याइ छ।

७०. मृतक समिक्षा निजको जिज्यूआमा सुत्ने कोठामा पृथक विछ्यौनामा सुत्ने गरेकी र वारदातको रात पनि निज सोही कोठामा सुतेको भन्ने कुरा घटनास्थल मुचुल्काबाट देखिन आउँछ।उक्त कोठामा ढोका रहेको नरहेको के हो र सो कोठाको ढोकामा चुकुल लाग्ने वा नलाग्ने के हो मुचुल्का मौन छ।अनुसन्धानको क्रममा समिक्षा ठकुरीको जिजु आमालाई बुझिएको अवस्था पनि छैन। निज वयान दिनसक्ने नसक्ने कुरा मिसिलबाट खुल्न आउँदैन।वारदात स्थलमा भेटिएको सिसी निज समिक्षाको

जिज्यू आमाले मालिस गर्ने(घस्ने) तेल राख्ने सिसी भन्ने पाइन्छ। उक्त सिसी के कसरी फुट्यो अनुसन्धानबाट खुल्न आउँदैन। समिक्षालाई सोही सिसीले प्रहार गरेको भन्ने रचना बुढाथोकी (बुढा मगर) को कथन भए पनि मृतकको टाउकोमा कुनै चोट पटक नदेखिएको माथि नै व्यक्त भएको छ।

७१. अदालतमा बकपत्र गर्ने घटनास्थल मुचुल्का खडा गर्ने मध्येको एक प्रहरी हवल्दार चन्द्र बहादुर गुरुङले मृतक सुत्ने कोठा बाहिर झ्यालबाट सिसाका टुक्राहरु फाल्न वा सिसा हान्न मिल्ने अवस्था छैन। बिस्तारामा छरिएर रहेका सिसाका टुक्राहरु भित्रै फुटेको हुनु पर्छ भन्ने पाइन्छ। तथापी घटनास्थल मुचुल्काबाट झ्याल भए नभएको, सो को साइज आकार र ग्रिल भए नभएको अवस्था खुलेको पाइदैंन।

७२. अर्कोतर्फ, समिक्षा घरमा अक्सर मोवाइल चलाएर समय व्यतित गर्ने गरेको भन्ने पाइन्छ भने मिति २०७५।३।९गतेपनि बिहान ९बजे बाहिर निस्किएकी र बेलुका७:३० बजेतिर फर्किएर पनि वरण्डामा मोवाइल चलाएर बसेको भन्ने पाइन्छ। समिक्षाको हजुरबुबा समेतले गाउँ डुल्ने बानी रहेको भन्ने पाइन्छ। जवकी समिक्षाले चलाउने मोवाइल प्रहरीले वरामद गरेको पाइदैन।उक्त मोवाइलमा समिक्षाको सम्पर्क को कुन व्यक्तिसँग थियो, को कसका सम्पर्क नम्बर थिए वा सामाजिक सञ्जाल face book, messenger , viber मा को को friends रहेको, verbal कुराको अभिलेख वा voice record नभएको भएपनि SMS, face book मा wish, comment & share गर्ने message आदान प्रदान गरेको अभिलेख आदि पत्ता लाग्ने वा phone call detail आदि मगाएर अनुसन्धान दायरा बृहत गर्न सक्ने मार्ग प्रशस्त हुनेमा उक्त मोवाइल को, कसले, कहिले, किन लुकाएको हो? जसले गर्दा अपराधी रमाएर हिँडिरहेको अवस्था त होइन? भन्ने प्रश्नहरु यस घटनामा सधैका लागि अनुउत्तरित भए।

७३. उपरोक्त विश्लेषणबाट प्रतिवादी तेज बहादुर ठकुरीले मृतकलाई बेलाबखत प्याट्टपुट्ट पारेपनि, सम्झाउने बुझाउने गरेपनि बाबु र छोरी बीच एक अर्काको स्नेह देखिन्छ।शरीरमा आगो लागेपछि ड्याडी ड्याडी भनेर कराएको, छोरीलाई पटक पटक बाबुले तिमीलाई कस्ले यस्तो गऱ्यो भनेर सोधपुछ गरेको, अन्य प्रतिवादीहरुले कुटपीट गाली गलौज गरेको तथ्य नखुलेको, प्रतिवादीहरुको वयानबाट सामान्य मध्यम बर्गीय परिवार देखिएकोमा मेडिकल हल, बुटवल अञ्चल अस्पताल, पाल्पा मिसन अस्पताल हुँदै काठमाण्डौ उपचारको लागी पुऱ्याएकोबाट समिक्षाको उपचारमा

कुनै कसर बाँकी राखेको अवस्था छैन। अनुसाधानमा निकै हेलचक्राई गरी अपुरो रहेको अवस्था छ।अनुसन्धान र अभियोजनको अनुसन्धान पुरा नहुँदै अपुरो अनुसन्धानका भरमा हतारमा अभियोगपत्र पेश गर्ने कार्य शैलीले **Justice Hurried Justice Buried** हुन पुग्यो कि? भन्न सकिन्छ।

७४. अभियोग प्रमाणित गर्ने भार वादीमा रहने प्रमाण ऐन, २०३१ को दफा २५ को कानूनी व्यवस्थाले स्पष्ट गरेको छ।यी प्रतिवादीहरु उपरको अभियोगदावी वादी पक्षले शंकाविहीन तवरबाट पुष्टी गर्न सकेको पाइदैंन।शंकाको सुविधा अभियुक्तले पाउने फौजदारीको न्याय सिद्वान्त रहेको र सम्मानित सर्वोच्च अदालतबाट अनगिन्ति मुद्दामा उक्त सिद्वान्तलाई अवलम्वन गरेको अवस्था पाइन्छ।**"टुक्रिएका, खण्डित भएका, घटना र वारदातका तथ्य र प्रमाणहरुलाइ अनुमानका आधारमा फौजदारी कानून एवं न्यायका प्रमाण मूल्याङ्कनका सिद्धान्त र अवधारणाबाट पर गएर अदालतले जवरजस्ती रुपमा प्रमाणहरु जोडेर कसैलाइ सजाय गर्न नसक्ने, भौतिक वा अन्य स्वतनत्र प्रमाण परीक्षणबाट प्रतिवादीहरुको घटना, वारदात, र सोमा संलग्नता पुष्टि नगरेको अवस्थामा अदालतले शंका र अनुमानका आधारमा कसैलाई पनि सजाय गर्न नमिल्ने"** भनि नजिर सिद्धान्त कायम भएको पाइन्छ।(ने. का. प. २०७६ अंक ४ नि नं. १०२४६, नेपाल सरकार वि. विष्णुकुमार याख्खा राईसमेत, मुद्दाः कर्यव्य ज्यान)।

७५. तसर्थ, प्रस्तुत मुद्दामा प्रतिवादीहरु उपरको अभियोग स्वतन्त्र प्रमाणबाट पुष्टि नभएको र शंका अनुमानका आधारमा कर्तव्य ज्यान जस्तो जघन्य अपराधमा सजाय गर्न नमिलेकोले प्रतिवादीत्रय तेज बहादुर ठकुरी, अमृता भन्ने शोभा राना र मधु खासुलाई सफाई दिने ठहराएको सुरु फैसला सदर हुने र सुरु फैसला केही परिवर्तन भै पुनरावेदक प्रतिवादी हरिमाया ठकुर्नीले समेत सफाइ पाउने अवस्था पाइयो। पुनरावेदक वादी नेपाल सरकारको प्रतिवादीहरुलाई अभियोग मागदावी वमोजिम सजाय हुनुपर्ने भन्ने पुनरावेदन जिकिर र सरकारी न्यायाधिवक्ताको बहस तर्क सँग इजलास सहमत हुन सकेन।

७६. अतः माथि उल्लेखित आधार कारणबाट प्रतिवादीत्रय तेज बहादुर ठकुरी, अमृता भन्ने शोभा कुमारी राना र मधु खासुलाई सफाई दिने ठहराएको सुरु रुपन्देही जिल्ला अदालतको मिति २०७६।८।१९ गतेको फैसला सो हदसम्म मिलेकै देखिंदा केही सदर हुने र पुनरावेदक प्रतिवादी हरिमाया ठकुरी उपरको अभियोग दावी शंकाविहीन तवरबाट पुष्टि नभएकोमा सजाय हुने ठहराएको फैसला सो हदसम्म नमिली कानून

त्रुटिपूर्ण देखिंदा केही उल्टी भई पुनरावेदक प्रतिवादी हरिमाया ठकुरीले आरोपित कसूरबाट सफाई पाउने ठहर्छ।पुनरावेदक प्रतिवादी हरिमाया ठकुरीलाई अन्य मुद्दामा थुनामा राख्न नपर्ने भए यस मुद्दाबाट थुनामुक्त गर्नु भनि सम्वन्धित कारागार कार्यालयमा लेखी पठाईदिनू। अरुमा तपसिल बमोजिम गर्नूहोला।

**तपसिल**

- माथि इन्साफ खण्डमा उल्लेख भएबमोजिम थुनामा रहेकी पुनरावेदक प्रतिवादी हरिमाया ठकुर्नीले अभियोग मागदावीबाट सफाई पाउने ठहरेकाले थुनामुक्त गरिदिनु भनि पत्राचार मिति २०७७।०९।२८ मा च.नं. ३१७४ भईसकेको देखिदा केही गर्न परेन.....................................................................................१
- प्रस्तुत फैसलामा चित्त नबुझे ७० दिन भित्र श्री सर्बोच्च अदालतमा पुनरावेदन गर्न जानु भनी फैसलाको प्रतिलिपि सहित उच्च सरकारी वकिल कार्यालय,बुटवललाई मुलुकी फौजदारी कार्यविधि सहिंता, २०७४ को दफा १३४ बमोजिम पुनरावेदनको म्याद दिने..................................................................................२
- प्रस्तुत फैसला प्रमाणीकरण भएको सूचना नियमानुसार प्रकाशन गर्ने.....................३
- प्रस्तुत फैसला विद्युतीय प्रणालीमा अपलोड गर्ने...........................................४
- मुद्दाको दायरीको लगत कट्टा गरी सुरु मिसिल सुरु अदालतमा पठाई रेकर्ड मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिने..................................................५

उक्त रायमा म सहमत छु।

**अग्नीप्रसाद थपलिया**
न्यायाधीश

**अच्यूतप्रसाद भणडारी**
न्यायाधीश

**फैसला तयार गर्न सहयोग पुऱ्याउनेः-**

इजलास अधिकृतः-दीपा पाण्डेय

कम्प्युटर अपरेटरः- सृजना लोहनी

इति सम्वत् २०७७ साल पौष २८ गते रोज ३ शुभम्...............................।

प्रमाणीकरण मितिः- २०७७।१०।..                    अदालतको छापः-